
# लेखापरीक्षण प्रतिवेदन

# कनकासुन्दरी गाउँपालिका, जुम्ला

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## कनकासुन्दरी गाउँपालिका, जुम्ला

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्योटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्योट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कर्णाली प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/90

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,

कनकासुन्दरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

जुम्ला।

## कैफियतसहितको राय

हामीले कनकासुन्दरी गाउँपालिका, जुम्लाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७ करोड ३९ लाख २८ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १ लाख ५० हजार, पर्यटन पूर्वाधार विकास आयोजनाको रु. ७ लाख ६० हजार, एकिकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रमको रु. ९ लाख ९३ हजार र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. ३ लाख ६० हजार समेत गरी रु. ७ करोड ५४ लाख ९१ हजार समावेश गरेको छैन।

२. पालिकाको रु. ९८ करोड ६१ लाख ३० हजारको लेखापरीक्षण गरिएकोमा रू. ३ करोड ९९ लाख ५४ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजुमध्ये असुल गर्नुपर्ने रू. २७ लाख ६७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३७ लाख ७२ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ७२ लाख ३२ हजार र पेस्की बाँकी रु. ६१ लाख ८३ हजार रहेको छ। गत वर्षसम्म रु.२४ करोड ४० लाख ७३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २८ करोड ४० लाख २७ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा सबै लेखा टिप्पणीहरु र सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने कनकासुन्दरीगाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत

आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य वेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको शसर्त अनुदान रकम फिर्ता नगरेको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी कनकासुन्दरी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटीका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटी पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटीका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७८ | १०१ | ३,९९,५४,५१२ | ० | ० | ० | ० | ७८ | १०१ | ३,९९,५४,५१२ | २७,६७,२५३ | २,७२,३२,१४३ | ३७,७१,९८८ | ० | ० | ३,१०,०४,१३२ | ६१,८३,१२९ |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| जुम्ला | २४,४०,७३,००० | - | - | २४,४०,७३,००० | - | ३,९९,५४,५१२ | २८,४०,२७,५१२ |

बेरुजु सम्परीक्षणको विवरण : पेश नभएको ।

# (८०६६२५०१३०० - कनकासुन्दरी गाउँपालिका, जुम्ला )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस कनकासुन्दरी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु कनकासुन्दरी गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४५ सभा सदस्य, २५५.३९ वर्ग किलोमिटर क्षेत्रफल तथा १३६७८ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०५।०९ देखि २०८१ ।०५।२३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको रु. ९८ करोड ६१ लाख ३० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । उक्त कमको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली;** जनप्रतिनिधिको चाडपर्व बापतको बढी भुक्तानी रु. ७१,०००/- मिति २०८१।०६।१३ मा स्थानीय सञ्चित कोषमा दाखिला भएको प्रमाण पेस भएको छ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय संचित कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

२.१ **वित्तीय प्रतिवेदन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | |
|---|---|---|
| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ -२०८१/०३/३१ | | |
| **क्र.स./आर्थिक सङ्केत** | **विवरण** | **रकम** |
| ११००० | कर | ६,४०,२०,२०७.३५ |
| १३००० | अनुदान | ३१,८४,१५,६०९.९० |
| १४००० | अन्य राजस्व | १२,९६,६९०.४८ |
| **क** | **कुल जम्मा प्राप्ति** | **३८,३७,३२,५०७.७३** |
| | **चालु** | **२९,८१,०३,७९०.९८** |
| २१००० | पारिश्रमिक / सुविधा | ५,९७,४४,१९२.०८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ६,१६,२९,०६५.०० |
| २५००० | सहायता (Subsidy) | ४,८५,३५५.०० |
| २६००० | अनुदान | १६,३५,६१,६३९.९० |
| २७००० | सामाजिक सुरक्षा | १२,००,०००.०० |
| २८००० | अन्य खर्च | १,१४,८३,५३९.०० |
| | **पूंजीगत** | **११,४५,५०,६७९.००** |
| ३१११० | भवन तथा संरचना | २,६४,०१,७८०.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १५,४७,७०३.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ० |
| ३११५० | सार्वजनिक निर्माण | ८,३४,९४,९३४.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | २८,०७,७९०.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | २,९८,४७२.०० |
| **ख)** | **कुल जम्मा भुक्तानी** | **४१,२६,५४,४६९.९८** |
| **ग)** | **बचत /कमी (ग = क-ख )** | **(२,८९,२१,९६२.२५)** |
| **घ)** | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | **(५६,५८,६३७.४३)** |
| **घ.१)** | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | **(९,६८,४८६.००)** |
| **ङ)** | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | **(३,४५,८०,५९९.६८)** |
| **च)** | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | **६,४८,८७,१९३.३२** |
| **छ)** | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | |
| **ज)** | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | **३,०३,०६,५९३.६४** |

**कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट निकासा प्राप्त**

| बजेटउपशिर्षक | कार्यक्रम | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| ३७०००११४३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १८३३००० | १५०००० | १५०००० |
| ३१४०१०१२३ | सामाजिक सुरक्षा तथा संरक्षण | ७४४२३८८० | ७३९२८२७५.६६ | ७३९२८२७५.६६ |
| ३२५०११०६४ | पर्यटन पूर्वाधार विकास आयोजना | ८००००० | ७६०३०७ | ७६०३०७ |
| **जम्मा** | | **७७०५६८८०.** | **७४८३८५८२.६६** | **७४८३८५८२.६६** |

**प्रदेश लेखा इकाईबाट निकासा प्राप्त**

| बजेट उपशिर्षक | कार्यक्रम | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| ३१४०००११३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३६०००० | ३६०००० | ३६०००० |
| ३५००२९०२३ | एकिकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रम | ३००००० | २९२९६० | २९२९६० |
| **जम्मा** | | **६६००००** | **६५२९६०** | **६५२९६०** |

२.२ **वित्तीय विवरणको यथार्थता :** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनगर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७,३९,२८,२७५/६६, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १,५०,०००/-, पर्यटन पूर्वाधार विकास आयोजनाको रु. ७,६०,३०७/- एकिकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रमको रु. २,९२,९६०/- र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. ३,६०,०००/- समेत गरी रु. ७,५४,९१,५४२/६६ सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाव** : यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. १६,९३,१४३/७० यस वर्षको प्राप्ति रु. १०,०४,७८,६७७/७० यस वर्षको भुक्तानी रु. ८,९२,६४,६८७/६२ र बाँकी मौज्दात रु. १,५१,७९,४८३/७१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय) | बाँकी मौज्दात |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | ६३१९४०४९.६२ | ४८४२१११८५.४ | ५०१९१९१५७.६ | ४५४८६०७७.३५ |
| सुत्र अनुसारको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ६४८८७१९३.३२ | ३८३७३२५०७.७३ | ४१२६५४४६९.९८ | ३०३०६५९३.६४ |
| **फरक** | **-१६९३१४३.७** | **१००४७८६७७.६७** | **८९२६४६८७.६२** | **१५१७९४८३.७१** |

## ३ बैङ्क हिसाव विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाको वित्तीय विवरण अनुसार श्रेस्ता र बैङ्क मौज्दात विवरण देहाय अनुसार रहेको छ ।श्रेस्ता भन्दा बैंकमा बढी देखिएको रु. ५५,४१,५१२/- का सम्बन्धमा हिसाब मिलान हुनुपर्दछ ।

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसारको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| आन्तरिक राजस्व खाता (ग १-१) | ० | २०,००० | २०००० |
| बिभाज्य कोष खाता (ग १-२) | १०,५०० | १०,५०० | ० |
| आन्तरिक अनुदान खाता (ग १-३) | ३,०५,२५० | ३,०५,२५० | ० |
| चालू खर्च खाता- विजोर वर्ष (ग २-१) | ४०,५५,८८६.८७ | ५९,८२,७७०.८७ | १९२६८८४ |
| पुँजीगत खर्च खाता- विजोर वर्ष (ग २-३) | १,२८,७९,०६४ | १,२८,७९,०६४ | ० |
| स्थानीय तह सञ्चित कोष खाता (ग ४-१) | १,१९,८१,३००.०१ | १,५५,७५,९२८.०१ | ३५९४६२८ |
| **जम्मा** | **२९२३२०००.८८** | **३४७७३५१२.८८** | **५५४१५१२** |

४ **सञ्चित कोषमा स्थानान्तरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको आन्तरिक राजस्व खातामा रु. १,३०,३१५/- र पुँजीगत खर्च खातामा रु. २,००,०००/- गरी रु. ३,३०,३१५/- मौज्दात रहेकोमा उक्त रकम स्थानीय सञ्चित कोष दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३०,३१५ |

५ **धरौटीतर्फको हिसाब**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ७ को नियम ६२ देखि ७२ सम्म भएको धरौटी सम्बन्धी व्यवस्था अनुसार आवश्यक कागजात संलग्न गरी धरौटी रकम फिर्ता गर्ने र नियमानुसार धरौटी आम्दानी हुने वित्तिकै स्रेस्तामा आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । कार्यालयबाट तयार पारिएको एकिकृत वित्तीय विवरण र सुत्रबाट तयार भएको धरौटीको आर्थिक विवरण (म.ले.प.फा.नं. ६०७) अनुसार गत वर्षको जिम्मेबारी रु. १,०७,०२९/- यसवर्षको आम्दानी रु. ३,७९,३४४/- फिर्ता रु. ४,८६,३७३/- र बाँकी धरौटी रु. ४,१०,९१२/-फरक रहेको देखिन्छ । पालिकाले धरौटीको यथार्थ हिसाब स्रेस्तामा प्रविष्टी नगरेका कारण धरौटीको हिसाब फरक परेको देखिन्छ । धरौटीका सबै कारोबारहरु स्रेस्तामा अद्यावधिक गरी हिसाब मिलान हुनु पर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको आम्दानी | यसवर्ष फिर्ता | बाँकी |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | ५,१२,७२०/- | १५,७६,८२६/- | ४,८६,३७३/- | २०,१४,०८५/- |
| म.ले.प.फा.नं. ६०७ अनुसार | ४,०५,६९१/- | ११,९७,४८२/- | ० | १६,०३,१७३/- |
| **फरक** | **१,०७,०२९/-** | **३,७९,३४४/-** | **४,८६,३७३/-** | **४,१०,९१२/-** |

६ **धरौटी तर्फको बैंक हिसाव विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाको धरौटीको वित्तीय विवरण र बैङ्क मौज्दात विवरण देहाय अनुसार रहेको छ । श्रेस्ता भन्दा बैंकमा बढी देखिएको रु. ४,१०,९१२/- का सम्बन्धमा हिसाब मिलान हुनुपर्दछ ।

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| धरौटी खाता (ग ३-१) | १६,०३,१७३/- | २०,१४,०८५/- | ४,१०,९१२/- |

७ **कोष तर्फको हिसाब मिलान**

स्थानीय तहको कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । यस पालिकाले विविध कोषहरुतर्फको कारोवारलाई सुत्रमा आवद्ध गरेको देखिन्छ । पालिकाको गत वर्ष जिम्मेवारी विविध

खर्च खातातर्फ रु. ५४,३०,०५३/६९, प्रकोप व्यवस्थापन कोषतर्फ रु. १८,०२,९३५/- र कर्मचारी कल्याण कोषतर्फ रु. ८,४२,८९५/- गरी कूल रु. ८०,७५,८८४/- रहेको देखिन्छ । कोषहरुमा यस वर्षको प्राप्ति रु. ५२,२१,७००/- भएको देखिन्छ । यस वर्षको खर्च रु. ८०,२८,१५८/- घटाएर बाँकी मौज्दात रु. ५२,६९,४२६/- हुने देखिन्छ । वर्षान्तको बैंक स्टेटमेन्ट अनुसार मौज्दात रु. ४२,२९,१८०/- रहेको छ । पालिकाको विविध कोषहरुतर्फ स्रेस्ताभन्दा बैंक घटी देखिएको रु. १०,४०,२४६/- सम्बन्धमा यकिन हुनुपर्ने रु.

| **कोषको नाम** | **गतवर्षको मौज्दात** | **यो वर्ष थप** | **जम्मा आम्दानी** | **यो वर्षको खर्च** | **मौज्दात** | |
|---|---|---|---|---|---|---|
| | | | | | **स्रेस्ता अनुसार** | **बैंक अनुसार** |
| प्रकोप व्यवस्थापन कोष (ग ७-२) | १८०२९३५ | २०००००० | ३८०२९३५ | ३२३९३०० | ५६३६३५ | ५६४५०४ |
| बिबिध खर्च खाता (ग २-७) | ५४३००५३/६९ | ३२२१७००/२९ | ८६५१७५४ | ४७८८८५८ | ३८६२८९६ | २८२१७८१ |
| कर्मचारी कल्याण कोष खाता (ग ५-१) | ८४२८९५ | | ८४२८९५ | | ८४२८९५ | ८४२८९५ |
| **जम्मा** | **८०७५८८४** | **५२२१७००** | **१३२९७५८४** | **८०२८१५८** | **५२६९४२६** | **४२२९१८०** |
| | | | | | प्रमाण पेश नगरेको | १०,४०,२४६ |

८ **शसर्त अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय तथा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार संघिय सशर्त अनुदान तर्फ रु. १९,७०,३७,६५२/- अनुदान प्राप्त भएकोमा रु. १८,८५,१८,३०१/- खर्च भई रु. ८५,१९,३५१/- बाँकी रहेको मध्ये पालिकाले आर्थिक वर्षको अन्त्यमा रु. ५०,९०,२७३/- फिर्ता गरेको छ भने प्रदेश अनुदान तर्फ रु. ३,६३,३०,८६७/- अनुदान प्राप्त भएकोमा रु. ३,३९,५२,५५०/- खर्च भई रु. २३,७८,३१७/- बाँकी रहेकोमा आर्थिक वर्षको अन्त्यमा रु. १,४२,००९/- फिर्ता गरेको छ । फिर्ता गर्न बाँकी रहेको शसर्त अनुदानको रकम रु. ५६,६५,३८६/- मध्ये रु. ३४,३३,१८१/- लेखापरीक्षणको क्रममा (मिति २०८१/६/३) सञ्चित कोष फिर्ता गरिएको छ भने फिनल्याण्ड सरकारबाट प्राप्त सोझै अनुदानको रकम रु. २२,३२,२०४/- मिति २०८१/६/११ मा फिर्ता गरिएको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | लेखापरीक्षणको क्रममा फिर्ता |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त चालु | १६६७९२७१० | १५९२९६८७४ | ३८५९६२५ | ३४२९०७८ |
| | शसर्त पूजीगत | २४६००००० | २३५७६४८४ | १२३०६४८ | |
| | विषेश | ५६४४९४२ | ५६४४९४२ | | |
| **जम्मा** | | **१९७०३७६५२** | **१८८५१८३०१** | **५०९०२७३** | **३४२९०७८** |
| प्रदेश सरकार | शसर्त चालु | ९९५३००० | ७७१६६९२ | | २२३६३०८ |
| | शसर्त पूजीगत | १२०००००० | ११८५७९९१ | १४२००९ | |
| | विषेश | ४३७७८६७ | ४३७७८६७ | | |
| | समपुरक | १०००००००० | १०००००००० | | |
| **जम्मा** | | **३६३३०८६७** | **३३९५२५५०** | **१४२००९** | **२२३६३०८** |
| **कुल जम्मा** | | **२३३३६८५१९** | **२२२४७०८५१** | **५२३२२८२** | **५६६५३८६** |

## ९ खर्च बिश्लेषण

गाउँपालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. २८,३७,६२९/- राजस्व बाँडफाँटबाट रु. १,१४,५५,४६७/- र अनुदानबाट रु. ३२,९५,२८,८१३/- समेत रु. ३४,३८,२१,९०९/- आम्दानी भएकोमा गत वर्षको मौज्दात समेतबाट चालु तर्फ रु. २९,८१,०३,७९०/- र पूँजिगत तर्फ रु. ११,४५,५०,६७९/- समेत रु.४१,२६,५४,४६९/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.६८ प्रतिशत मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू. ४८ लाख ५२ हजार खर्च भएको छ जुन आन्तरिक आयको ७०.९६ प्रतिशत बढी रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७२.२४ प्रतिशत चालु र २७.७६ प्रतिशत पूँजिगत खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १० दाखिला गर्न बाँकी दायित्व

कार्यालयले कट्टी रकम दाखिला तथा भुक्तानी गर्न बाँकी रकमलाई आर्थिक वर्षको अन्तसम्ममा भुक्तानी/दाखिला गरी वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ । वित्तीय प्रतिवेदनको अन्य भूक्तानी तर्फको वित्तीय विवरण (म.ले.प.फा.न. २७०) मा कट्टी रकम भुक्तानी/दाखिला गर्न रु. ९,६८,४८६/- बाँकी देखिएको छ । उक्त रकम कर तथा धरौटी के वापतको बाँकी रहेको हो एकिन गरी सम्बन्धित खातामा जम्मा गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,६८,४८६ |

## ११ बजेट पेश पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०/३/१० मा रु. ४८ करोड २९ लाख ४४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०/३/२८ असारमा पारित भएको छ । यसैगरी पालिकाका प्रमुखले मिति २०८०/४ /१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

## १२ योजना तथा वजेट कार्यान्वियन

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु. ११ करोड ४५ लाख ५१ हजार भएकोमा प्रथम त्रैसिकमा रु. ९५ लाख ४४ हजार दोश्रो त्रैसिकमा रु. २ करोड २४ लाख ९७ हजार तेश्रो त्रैमासिकमा रु. ९७ लाख ७३ हजार र चौथो त्रैमासिकमा रु. ८ करोड २२ लाख ८१ खर्च गरेको छ । उक्त खर्च मध्ये असार महिनामा मात्रै रु. ६ करोड २७ लाख ३९ हजार खर्च भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको खरिद कार्य गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु. ११ करोड ४५ लाख ५१ हजारको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. ३ करोड ९८ लाख २२ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ८.२५ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

## १३ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च (प्रतिशतमा) |
|---|---|---|---|
| आर्थिक विकास | १,६०,१९,०००/- | १,४४,४६,०१२/- | ९०.१८ |
| सामाजिक विकास | १७,९५,४६,१८१/- | ७,१७,४१,७३३/९० | ९५.६५ |
| पूर्वाधार विकास | १४,९६,७१,३४२/- | ११,९०,०८,८९०/- | ७९.५१ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६९,५५,०००/- | ६६,६०,७३९/- | ९५.७७ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ११,९४,७४,३३८/- | १०,०७,९७,०९५/०८ | ८४.३७ |
| **जम्मा** | **४७,१६,६५,८६१/-** | **४१,२६,५४,४६९/९८** | **८७.४८** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये बिभिन्न क्षेत्रमा ७९.५१ देखी ९५.७७ प्रतिशतसम्म खर्च भएको देखिन्छ ।

## १४ योजनाको प्राथमिकीरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी, दीगो विकास र

वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार कुल १७६ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका | रु.५ लाख देखि २० लाख सम्म | रु.५लाख भन्दा कम |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ४२ | १६ | १६ | १० |
| २. | वडास्तरीय | १३४ | ७ | ६६ | ६१ |
| **जम्मा** | | **१७६** | **२३** | **८२** | **७१** |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिको खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १५ चौमासिक प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने, स्थानीय सञ्चित कोषमा भएको आय–व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था बमोजिम प्रतिवेदन गरेको देखिएन । ऐनको व्यवस्थाको पालना हुनुपर्दछ ।

## १६ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ । पालिकाले ऐनमा भएको व्यवस्था अनुसार समिति गठन गरेको छैन । समिति गठन नगरिँदा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## १७ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्थानीयतहमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी कार्य समयमा गरेको छैन । अत: बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## १८ बजेट अवण्डा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष समपूरक कोष पालिका शिर्षकमा रु.१ करोड र जनतासंग अध्यक्ष/उपाध्यक्ष कार्यक्रम शिर्षकमा रु.६० लाख गरी कुल रु.१ करोड ६० लाख बजेट विनयोजन गरी समपूरक कोष शिर्षकबाट रु.९७,५५,०००/- र जनतासंग अध्यक्ष/उपाध्यक्ष कार्यक्रमबाट रु.५६,९८,५६८ /- गरी कुल रु.१,५४,५३,५६८/- खर्च गरेको छ । उक्त खर्चबाट पालिकाले विभिन्न मन्दिर, धर्मशाला,

तटबन्ध निर्माण तथा इन्धन, सडक मर्मत, दैनिक भ्रमण भत्ता भुक्तानी लगायतको शीर्षकमा कार्यपालिकाको निर्णयले खर्च गरेको छ । उक्त खर्चलाई सभामा अनुमोदन समेत गरेको देखिएन । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाई कार्यक्रममा आधारित बजेट प्रणालीको विकास गर्नुपर्छ ।

१९ **बिस्तृत आयोजना प्रतिवेदन खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना, विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार विस्तृत आयोजना प्रतिवेदन निम्नानुसार उल्लेख गरिएको छ। सबै अध्ययन प्रतिवेदनहरु पालिकाको वजेटमा समावेश गरी कार्यान्वियन भएको देखिएन । अध्ययन भएका प्रतिवेदन कार्यान्वियन नहुँदा परामर्श खर्चको औचित्य र उपलव्धी नदेखिएको तथा योजना छनौट कार्य समेतमा नियमितता नदेखिएकोले आवश्यकताका आधारमा मात्र परामर्श सेवामा खर्च गर्नुपर्दछ । साथै पालिकाले उक्त प्रतिवेदनको कार्यान्वियन गर्नुपर्नछ ।

| क्र.सं. | कार्य विवरण | परामर्शदाता | खर्च रकम | आयोजना लागत |
|---|---|---|---|---|
| १ | कोइलीचरी मा वि को भवन निर्माणको डि पी आर कार्य | श्री माछापुच्छे इन्जिनियरिङ कन्सल्टेन्सी प्रा .लि | ३९८८९० | १० करोड १९ लाख ६० हजार |
| २ | बन्दिराज सिचाइ कुलो निर्माणको डि पी आर कार्य | श्री ब्रिक कन्सट प्रा .लि | ५९३२५० | १२ करोड ७५ लाख ११ हजार |
| ३ | वडा नं ४ मा मुलपाटा खापाआ को डि पी आर | श्री सुजी कन्सल्टेन्स प्रा .लि | ११६३९० | ९ करोड ७८ लाख १६ हजार |
| ४ | वडा नं ५ मा ततैले ड्याम बृहत खापाआको डिपीआर | श्री मेजर डिजाइन प्रा .लि | ११६२७७ | |
| ५ | वडा नं ८ मा सन्ज्यालवाडा खापाआको डि पी आर | श्री प्रयास इन्जिनियरिङ कन्सल्टेन्सी प्रा .लि | ११६१६४ | ३ करोड ३६लाख २० हजार |
| ६ | वडा नं ८ को कोटघरमा बेलिबृज को डिपिआर | श्री यू एण्ड यू इन्जिनियरिङ एण्ड कन्ट्रकशनकन्सल्टेन्सी प्रा. लि. | १८९५००० | २ करोड ६३ लाख १५ हजार |
| ७ | वडा नं ४ मुनदह सिचाइ कुलो को डि पी आर | श्री माछापुच्छे इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | ३९८८९० | ५ करोड ९९ लाख ८१ हजार |
| **जम्मा** | | | **३६३४८६१** | |

२० **पञ्चवर्षीय आवाधिक योजना**

कनका सुन्दरी गाउँपालिका, जुम्लाको विकास कार्यक्रम सञ्चालनको लागि आवधिक विकास योजना निर्माणको लागि पालिकाले परामर्शदाता मार्फत पञ्चवर्षिय योजना निर्माण गरेको छ। पालिकाले परामर्शदाता हिमाली ग्रामीण युवा समाज विकास केन्द्र (३०३०३७०९५) सँग सम्झौता गरी रु.२,९७,६००/- खर्च गरी पञ्चवर्षिय योजना निर्माण गरेको छ। योजनाले भावी कार्यक्रमलाई सहयोग गर्नुपर्नेमा परामर्शदाताले योजना २०८०।०९।२४ मा मात्र आवधिक योजना (०८०।८१-०८४।८५) पालिकालाई पेश गरेको देखिन्छ । आवाधिक योजना अनुसार ५ वर्षमा विकास गतिविधिलाई व्यवस्थित रुपमा सञ्चालन गरी पालिकाको समृद्धिको यात्रा तय गर्ने लक्ष्य राखिएको छ । परामर्शदाताले आर्थिक वर्षको अन्त्यमा पेश गरेको पञ्चवर्षिय योजना पेश भएको झण्डै १ वर्ष योजना कार्यन्वयन नै नभई समाप्त भएको छ । आवाधिक विकास योजनालाई मध्यावधिक खर्च संरचना मार्फत बजेटमा क्रमिक आबद्ध गरी वस्तुपरक रुपमा कार्यान्वय गरी दिगो विकास हुनेगरी कार्यान्वियन गर्नुपर्दछ ।

२१ **सार्वजनिक सम्पत्तिको रेखदेख**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत

सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ ।

२२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

२३ **सवारी साधन र मेशिनरीको मर्मत अभिलेख**

सवारी साधन र मेशिनरी औजारको अभिलेखका लागि मलेप फारामको व्यवस्था छ । म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक अद्यावधिक गर्नु पर्ने र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस्ता अभिलेख अध्यावधिक गरी राखेको छैन । म .ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्वति लागु गर्नु पर्दछ ।

२४ **सम्पत्ति व्यवस्थापन र सुरक्षा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पति तथा जिन्सी मालसामान अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार गरी प्रतिवेदन गर्नुपर्दछ । पालिकाले मर्मत संभार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको छुट्टै विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको छैन। यसमा सुधार हुनु पर्दछ ।

२५ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२६ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेकोमा प्रभावकारीरुपमा लागू भएको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता वापत रु. ३५ लाख ६८ हजार खर्च गरेको छ ।

- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय/व्यय अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन, २०४९ बमोजिम यस पालिकाकामा कार्यरत जना ६८ कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु लागत सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. २३ लाख १५ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । अतिथि सत्कार लगाएत विविध खर्चतर्फ पालिकाले रू. ५३ लाख १६ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता नवीकरण शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२७ **सेवाप्रवाहको स्थिति**

पालिकाबाट यो वर्ष जन्म दर्ता ४३२ वटा, मृत्यु दर्ता १६७ वटा, बसाइँसराइ ८६ वटा, विवाह दर्ता २०० वटा र सम्बन्ध विच्छेद ४ वटा गरेको विवरण प्राप्त भएको छ । सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग नगरेको कारण सेवा प्रवाह झन्झटिलो र ढिलो भएको देखिएको छ । सूचना प्रविधिको उच्चत्तम प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

२८ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।पालिकाको कर्मचारी कल्याण कोषमा गत विगत वर्षमा रु. ८ लाख ४३ हजार मौज्दात रहेकोमा यो वर्ष कर्मचारी कल्याण कोषमा कुनै रकम जम्मा गरेको देखिँदैन । ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

२९ **कानून निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । पालिकाले हालस्म ऐन ९, नियम ५, निर्देशिका ३, कार्यविधि २९ र नीति २ समेत ४८ कानून निर्माण गरेको विवरण प्राप्त भएको छ । स्थानीय सरकार सञ्चालन ऐनको परिधिभित्र रही पालिकाले कानुन कार्यान्वियन गर्नु पर्दछ ।

३० **ऐनको कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(७) मा गाउँपालिकाले गाउँसभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८ (५) मा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ।यस गाउँपालिकाले कतिपय कार्यक्रम गाउँसभाबाट स्वीकृत भन्दा गाउँकार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो।गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन।यसबाट गाउँसभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन। गाउँपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ।

३१ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा स्थानीयतहमा एक न्यायिक समिति गठन हुने व्यवस्था छ । त्यस्तै दफा ५३ मा त्यसरी गठन भएको न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार न्यायिक समितिमा गतवर्ष सम्म फर्छयौट हुन बाँकी रहेका मुद्दा ८, यस वर्ष दर्ता भएका ७ वटा मुद्दा मध्ये २ मुद्दा फर्छयौट भई १३ मुद्दा फर्छयौट हुन बाँकी रहेको देखिन्छ । त्यस्तै नियम ५३ बमोजिमको न्यायिक समितिले बार्षिक प्रतिवेदन सभा समक्ष पेश गरेको छैन । अत: ऐनमा भएको व्यवस्थाको पूर्ण पालना हुनुपर्दछ ।

३२ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन, २०४९ को दफा ७ (२ ख) मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने व्यवस्था छ ।पालिकामा कार्यरत कर्मचारीहरुको रु. २,७८,३५,२२४/- तलव खर्च लेखेकोमा तलव प्रतिवेदन पारित गरेको छैन । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३३ **कर्मचारी पदपूर्ति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६८ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म ५८ जनाको पदपूर्ति भएको र शाखा अधिकृत (शिक्षा) छैठौं, लेखापाल छैठौं, ईन्जिनियर छैठौं, कृषि अधिकृत छैठौं असिष्टेन्ट सब ईन्जिनियर र खरिदार समेत १० जना रिक्त रहेको प्राप्त विवरणबाट देखिन्छ । विषयगत कार्यक्रम सञ्चालन गरी सेवा प्रवाह गर्न दरबन्दी बमोजिम जनशक्तिको पुर्ति नहुँदा कार्य सम्पादनमा असर परेको देखिन्छ । रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

३४ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, माली, बगैंचे र सरसफाई कर्मचारी वाहेकका अन्य पद तथा सेवामा करारबाट पदपुर्ति गर्न नपाइने व्यवस्था छ । पालिकाले उल्लेखित पदहरूमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. १,४२,५४,४७६/- भुक्तानी गरेको पाइयो । कार्यबोझको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी कानुन बमोजिम पारदर्शी हिसाबले कर्मचारी नियुक्ती गरी तलब भत्ता खर्च लेख्नुपर्नेमा पालिकाले सो अनुसार गरेको पाइएन । ऐनको व्यवस्था विपरित करारमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| क्र.स. | पद | कर्मचारीसंख्या | यस वर्षको खर्च |
|---|---|---|---|
| १ | ्इन्जिनियर | १ | ७२४६७७ |
| २ | बाल विकाससंयोजक | १ | ५६२५८८ |
| ३ | कृषिअधिकृत | १ | ४९३८७० |
| ४ | सब-्इन्जिनियर | ३ | १५३४७७० |
| ५ | असब-्इन्जिनियर | २ | ७२१८६० |
| ६ | अनमि | १० | ३८६९३०० |
| ७ | हेल्थअसिस्टेन्ट | १ | ३८६९३० |
| ८ | अहेअ | ८ | २८८७४४० |
| ९ | स्टाफ नर्स | २ | ७२१८६० |
| १० | रेडियोग्राफर | १ | ३८६९३० |
| ११ | नेत्रसहायक | १ | ३८६९३० |
| १२ | ल्यावटेक्निसियन | २ | ७२१८६० |
| १३ | सामाजिक परिचालक | २ | ८५५४५२ |
| **जम्मा** | | | **१४२५४४६७** |

| अनियमित भएको | १,४२,५४,४६७ |
|---|---|

३५ **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यी आय शीर्षकमा आय अनुमान र असुली स्थितिको विवरण प्राप्त गर्न सकिएन । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

३६ **आयको अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ एकीकृत सम्पत्ती कर वापत अनुमानित रु. ८ लाख ६६ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा रु. १० लाख ४७ हजार (१२०.९) र वहाल कर वापत अनुमानित रु. ७७ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा यस वर्ष रु. १ लाख ७५ हजार (२०२.६ प्रतिशत) प्राप्त गरेको छ ।

आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिन आवश्यक देखिएको छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ८६६००० | १०४७४२२ | १२०.९ |
| वहाल कर | ७७००० | १५६६८५ | २०२.६ |
| **जम्मा** | **९४३०००** | **१२०४१०७** | |

३७ **नवीकरण शुल्क**

पालिकाको घ वर्गको निर्माण इजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा प्रत्येक आर्थिक वर्षको इजाजत पत्र अवधि मान्य रहने र अवधि समाप्त भएको तीन महिना भित्र संघ प्रदेश र स्थानीय तहलाई तिर्नु पर्ने कर तिरी सकेको कर चुक्ता प्रमाण पत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित अनुसूची-२ अनुसारको दस्तुर तिरी नवीकरण गरी पास वुक विवरण अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । पालिकामा इजाजत पत्र लिएका तोकिएको भन्दा ढिला गरी नवीकरण गर्ने निर्माण व्यवसायीलाई थप नवीकरण दस्तुर लिएको पाइएन ।कार्यविधि अनुसार तोकिएको अवधि भित्र नवीकरण नगरीएका निर्मण इजाजत पत्रको विवरण अद्यावधिक राखी उक्त समय पछी नविकरण गर्दा थप नवीकरण दस्तुर लिएर मात्र नविकरण गर्ने व्यवस्था गर्नु पर्दछ ।

३८ **बेरुजु लगत**

बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये पालिकासँग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत र म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।

३९ **सहकारी संस्थाको नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र उत्पादनमूलक सहकारी ८ वटा, वचत तथा ऋण सहकारी ८ वटा र कृषि सहकारी २ वटा गरी १८ वटा सहकारी संस्थाहरु दर्ता भई कार्यरत रहेको विवरण प्राप्त भएको छ।पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । दर्ता भएका सहकारी संस्था निस्कृय रही त्यस्ता संस्थाको कारोबार तथा दायित्वको शुक्ष्म मूल्याङ्कन गरेर नागरिकको पुँजी तथा बचत सुरक्षा गर्न अनुगमन गरी आवश्यक परेमा कानून बमोजिमको कारवाही प्रकृया अगाडी बढाई ऐनमा भएका प्रावधान लागू गराउनेतर्फ पालिका क्रियाशील हुनुपर्ने देखिन्छ।

४० **म.ले.प. फारमहरूको प्रयोग**

साविकमा रहेका म.ले.प. फारमहरूको सट्टा नयाँ म.ले.प. नम्बरहरू २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरू जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख, सवारी साधन तथा मेशिन प्रयोगको लगबुक, रसिद नियन्त्रण खाता, भ्रमण प्रतिवेदन आंशिक रुपमा प्रयोग गरेको देखियो । कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।

४१ **भ्रमण खर्च**

कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्चबापत यस वर्ष रु. खर्च गरेको देखिन्छ । भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन् ।

• अधिकांश भ्रमणको उद्धेश्य र स्पष्ट प्रयोजन नखुलाएको हुँदा कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित खर्च भुक्तानी गर्ने गरेको ।

• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्धेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोग हुने सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

४२ **खरिद व्यव्स्थापन**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु. १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले बार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ।यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ११ करोड ४५ लाख ५१ हजार पूँजीगत खर्च गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

४३ **विगत वर्षको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई आ.व. ०७९।८० सम्मका आर्थिक वर्षमा दिएको पेश्की आर्थिक वर्ष ०८०।८१ को अन्त्यसम्म पनि फस्यौंट नभई रु. १,९३,५२,८०४/- बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्दछ ।

| क्र.सं. | पेश्की लिएकोमिति | पेश्की लिनेब्यक्ती, फर्म वा कम्पनीको नाम | पेश्की रकम |
|---|---|---|---|
| **गाउँपालिका चालुतर्फ :** | | | |
| १ | २०८०/०४/०१ | तिलु वि क | १००००० |
| २ | २०८०/०४/०१ | दान बहादुरबुढा | १९००० |
| ३ | २०८०/०४/०१ | दान बहादुरबुढा | २०००० |
| ४ | २०८०/०४/०१ | नन्दलालरावत | १००००० |
| ५ | २०८०/०४/०१ | रामुन्यौपाने | ४५००० |
| ६ | २०८०/०४/०१ | हरि बहादुरबुढा | २००००० |
| ७ | २०८०/०४/०१ | हरि बहादुरबुढा | २००००० |
| ८ | २०८०/०४/०१ | हरी बहादुरबुढा | १५०००० |
| ९ | २०८०/०४/०१ | आधारभूतविद्यालय सिप्टी | १५०००० |
| १० | २०८०/०४/०१ | कुलदेवआ.वि. नेउरीगाड | १५०००० |
| ११ | २०८०/०४/०१ | ज्ञानोदयआधारभुत विद्यालय रिया | १५०००० |
| १२ | २०८०/०४/०१ | बुम्रमाडिचौरस्वास्थ्य चौकी | ८०००० |
| १३ | २०८०/०४/०१ | महादेवआधारभुत विद्यालय चौथा | १५०००० |
| १४ | २०८०/०४/०१ | महादेवमाध्यमिक विद्यालय | ३००००० |
| १५ | २०८०/०४/०१ | महादेवमाध्यमिक विद्यालय | ३००००० |
| १६ | २०८०/०४/०१ | मालिकाबोतास्वास्थ्य चौकी | ८०००० |
| १७ | २०८०/०४/०१ | लुम ढेमबालविकास केन्द्र | ५०००० |
| १८ | २०८०/०४/०१ | श्रीकनकासुन्दरी मा. बि.लुड्कू | २००००० |
| १९ | २०८०/०४/०१ | श्रीकालिका आधारभुत विद्यालय | १५०००० |
| २० | २०८०/०४/०१ | हाँटसिंजास्वास्थ्य चौकी | १००००० |
| २१ | २०८०/०४/०१ | श्री नेरामा.वि.मालिकावोता | १४८५०० |
| २२ | २०८०/०४/०१ | गजेन्द्रमहाल | १००००० |
| २३ | २०८०/०४/०१ | डम्बरबहादुर बुढा | ५०००० |
| २४ | २०८०/०४/०१ | दान बहादुरबुढा | २५००० |
| **जम्मा** | | | **३०१७५००** |
| **संघिय शसर्त चालुतर्फ :** | | | |
| १ | २०८०/०४/०१ | जनक राजहमाल | १००००० |
| २ | २०८०/०४/०१ | नेत्रबहादुर खत्री | १५००००० |
| ३ | २०८०/०४/०१ | नन्दबहादुर खत्री | ३००००० |
| | | | |

| | | | |
|---|---|---|---|
| ४ | २०८०/०४/०१ | लाल बहादुररावत | २०००० |
| ५ | २०८०/०४/०१ | लोकराजउपाध्याय | २००००० |
| ६ | २०८०/०४/०१ | बुम्रमाडीचौरस्वास्थ्य चौकी | ५०००० |
| ७ | २०८०/०४/०१ | मालिकाबोतास्वास्थ्य चौकी | १००००० |
| ८ | २०८०/०४/०१ | हरि बहादुरबुढा ०१ | ११४७०० |
| **जम्मा** | | | **२३८४७००** |
| **गाउँपालिका पुँजीगतर्फ :** | | | |
| १ | २०८०/०४/०१ | हरि बहादुरबुढा | ३००००० |
| २ | २०८०/०४/०१ | नेपालविद्युत प्राधिकरण | ६९९२९९३ |
| ३ | २०८०/०४/०१ | नेपालविद्युत प्राधिकरण | १९९७६११ |
| ४ | २०८०/०४/०१ | मालिकामाध्यमिक विद्यालय खिच्चने | १०००००० |
| ५ | २०८०/०४/०१ | रोत नौमुलिजलविद्युत नि.उ.स. | ६००००० |
| ६ | २०८०/०४/०१ | वडा कार्यालय भवन निर्माण उ.भो.स. | १०००००० |
| ७ | २०८०/०४/०१ | वडाकार्यालय भवन नयाँ निर्माण उ.भो.स. | १०००००० |
| ८ | २०८०/०४/०१ | वडा नं. ६को कार्यालय भवन निर्माण उ.भो.स. | १०००००० |
| ९ | २०८०/०४/०१ | हरिचन्द्रबुढा | ६०००० |
| **जम्मा** | | | **१३९५०६०४** |
| **कुल जम्मा** | | | **१९३५२८०४** |

४४ **म्याद नाघेको पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले यस वर्ष दिएको पेश्की मध्ये निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की रु. ६३,३१,७२९/- आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई बाँकी रहेको देखिन्छ । उक्त पेश्की मध्ये रु. ६१८३१२९ को फर्स्यौट हुनुपर्ने म्याद २०८१ असार सम्म रहेको हुँदा म्याद नाघेको देखिन्छ । फर्छयौट गर्न बाँकी रहेको उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | पेश्कीरकम | |
|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको |
| **गाउँपालिका चालुतर्फ :** | | | | |
| २०८०/०९/०३ | शिक्षायुवा तथा खेलकुद शाखा | जिवनबहादुर रोकाया | | ३००००० |
| २०८०/११/१३ | शिक्षायुवा तथा खेलकुद शाखा | जिवनबहादुर रोकाया | | ४०००० |
| २०८०/०६/३० | एम्बुलेन्सखरिद गाउँपालिका | अग्रीईनकर्पोरेटेड प्रा.ली. | | १०१००५० |
| २०८०/०७/२३ | स्वास्थ्यचौकी व्यवस्थापन | आधारभुतस्वास्थ्य केन्द्र गोरुचौर | | २०००० |
| २०८०/०७/२३ | स्वास्थ्यचौकी व्यवस्थापन | आधारभुतस्वास्थ्य केन्द्र बाघमारे | | २०००० |
| २०८०/०७/२३ | स्वास्थ्यचौकी व्यवस्थापन | आधारभुतस्वास्थ्य केन्द्र लुड्कु | | २०००० |
| २०८०/०७/२३ | स्वास्थ्यचौकी व्यवस्थापन | बुम्रमाडीचौरस्वास्थ्य चौकी | | ४०००० |
| २०८०/०७/२३ | स्वास्थ्यचौकी व्यवस्थापन | सामुदायिकस्वास्थ्य इकाई लेकपोर | | २०००० |
| २०८०/०७/२३ | स्वास्थ्यचौकी व्यवस्थापन | सामुदायिकस्वास्थ्य ईकाई रानिसैन | | ३३००० |
| २०८०/०६/३० | पालिकासमपुरक कोष | लोकेशउपाध्याय | | १००००० |
| २०८०/०७/२३ | शिक्षायुवा तथा खेलकुद शाखा | हरि बहादुरबुढा ०१ | | १२६००० |
| २०८०/०९/२६ | इन्धन (कार्यालय प्रयोजन) | डम्बरबहादुर बुढा | | ४०००० |
| २०८०/११/१६ | महिलास्वयमसेविका अवलोकन भ्रमण | जय कृष्णहमाल | | ९८००० |
| २०८०/१२/०८ | आधारभुतस्वास्थ्य केन्द्र रानिसैन | नगेन्द्रशाही | | ५०००० |
| **जम्मा** | | | | **१९१७०५०** |
| **संघिय शसर्त चालुतर्फ :** | | | | |
| २०८०/०८/२८ | वास ईकाइक्षमता विकास (सिप बिकास ) | राज बहादुरबुढा | | ४८१०० |
| २०८१/०३/०५ | खा.पा.उ.स.गठन, पुर्नगठन तथा क्षमता विकास | लोक बहादुरसुनार | १४८६०० | ० |
| २०८०/०७/२३ | मातृ तथानवशिशु कार्यक्रम | पाण्डवगुफास्वास्थ्य चौकी | | १५०००० |
| २०८०/०७/२३ | मातृ तथानवशिशु कार्यक्रम | मालिकाबोतास्वास्थ्य चौकी | | १००००० |
| २०८०/१२/०१ | मातृ तथानवशिशु कार्यक्रम | पाण्डवगुफास्वास्थ्य चौकी | | १५०००० |
| २०८०/१२/०१ | मातृ तथानवशिशु कार्यक्रम | बुम्रमाडीचौरस्वास्थ्य चौकी | | ५०००० |
| २०८०/१२/०१ | मातृ तथानवशिशु कार्यक्रम | मालिकाबोतास्वास्थ्य चौकी | | ५०००० |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| २०८०/०९/२५ | खा.पा.उ.स.लाई खरिद प्रक्रिया सम्बन्घि ३ दिने तालिम | लोक बहादुरसुनार | | १००००० |
| २०८१/०२/१३ | शिक्षकमेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | हरि बहादुरबुढा ०१ | | ४०००० |
| **जम्मा** | | | **१४८६००** | **६८८१००** |
| **प्रदेश सशर्तचालुतर्फ :** | | | | |
| २०८०/११/१६ | पाण्डवगुफामा वि कोटघरको भवन निर्माण वडा नं ८ | श्रीपाण्डवगुफा मा बि कोटघर | | ७००००० |
| २०८०/१२/२६ | पाण्डवगुफामा वि कोटघरको भवन निर्माण वडा नं ८ | पाण्डवगुफामा.वि.कोटघर | | ३००००० |
| **जम्मा** | | | | **१००००००** |
| **गाउँपालिका पुँजीगततर्फ :** | | | | |
| २०८०/०६/३० | सुस्वाकर्मचारीहरुको पारिश्रमिक तथा प्रशासैनिक भत्ता | प्रतापहितान | | ११७००० |
| २०८०/०९/०६ | जनता संगअध्यक्ष/ उपाअध्यक्ष कार्यक्रम | काँफलडाँडाआधाभूत विद्यालय | | ३००००० |
| २०८०/१०/२८ | वडा नं ८का सबै बस्तिहरुमा राष्ट्रिय विद्युत प्रशारण लाईन | नेपालविद्युत प्राधिकरण | | १४९९९७९ |
| २०८०/०७/२४ | जनता संगअध्यक्ष/ उपाअध्यक्ष कार्यक्रम | महेन्द्रमल्लीलघु जलविद्युत सहकारी संस्था लि. | | ४९००० |
| २०८१/०१/३० | अधुरो वडाकार्यालयको भवन निर्माण | भवन मर्मत तथा निर्माण उ स | | ३१२००० |
| २०८१/०२/१४ | अधुरो वडाकार्यालयको भवन निर्माण | भवन मर्मत तथा निर्माण उ स | | ३००००० |
| **जम्मा** | | | | **२५७७९७९** |
| **कुल जम्मा** | | | **१४८६००** | **६१८३१२९** |

| | |
|---|---|
| पेश्की | ६१,८३,१२९ |

## ४५ खरिद कारवाहीको अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (१) अनुसार सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गौश्वार लगत (म.ले.प.फा.नं. ५०७) समेत तयार गरी राखेको पाइएन । जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको परीक्षण गर्न सहज भएन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

## ४६ उपभोक्ताको काम

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ।

साथै नियमावलीको नियम ९७ (१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ।पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको, विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको, प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

४७ **उपभोक्ता समितिको बिल भरपाई**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।यो वर्ष गाउँपालिकाले उपभोक्ता समितिबाट सम्पन्न भएका अधिकांश योजनामा प्राविधिक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा उपभोक्ता समितिलाई रकम भुक्तानी गरेको देखियो।उपभोक्ता समितिले प्राविधिक नापी तथा उपभोक्ताको बिल पेश गर्दा आंशिक रूपमा मात्र डोर हाजिरी तथा खर्चका बिल भरपाई संलग्न गरी पेश गर्ने गरेको देखियो।नियमावलीमा भएको व्यवस्था अनुरूप उपभोक्ता समितिले खर्चको बिल भरपाई उक्त समुहको वैठकबाट समेत अनुमोदन गर्ने गरेको देखिएन।यस सम्बन्धमा फिल्डमा गई प्राविधिकले पेश गर्ने वास्तविक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गर्ने गरेको गाउँपालिकाले जानकारी दिएतापनि योजनामा प्रयोग भएका सामग्री खरिदको समेत बिल पेश नहुँदा नापी अनुसारको वास्तविक परिमाण र लागत कै सामान प्रयोग भयो भनि आश्वस्त हुन सक्ने अवस्था रहेन । गत विगत वर्षका प्रतिवेदनहरुमा समेत यस सम्बन्धमा सुझाव दिँदै आएकोमा यस अवस्थामा सुधार भएको देखिएन ।

४८ **निर्माण कार्यको गुणस्तर**

उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति, अनुगमन समिति र कार्यालयको हो । यसका लागी स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने, निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम हुनुपर्ने, मितव्ययिताका लागि स्थानीय स्तरमा उपलब्ध, गुणस्तरयुक्त सामग्रीको उपयोग गर्नुपर्दछ । तर यस गाउँ पालिकाले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक मात्रामा गुणस्तर परीक्षण गराउने तर्फ कार्यालयको पहल हुनुपर्दछ ।

४९ **प्राविधिक बिल**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित अधिकांश योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति, नापजाँच गरेको मिति लगायतका बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । प्राविधिकले उपभोक्ता समितिको बिल बनाउँदा वास्तविक कार्यसम्पादनमा आधारित भएर बनाउनुपर्दछ।

## ५० आइटम वाइज योगदान

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३क१) मा साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्ने व्यवस्था रहेकोमा पालिकामा पेश भएको कार्यसम्पन्न प्रतिवेदनमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्नेमा एकमुष्ठ कार्यसम्पन्न प्रतिवेदनमा मात्र उपभोक्ता समितिले पुर्याउनु पर्ने योगदानको अंश पुर्याएको कार्य सम्पन्न प्रतिवेदनबाट देखिन्छ।अत: नियमावलीमा भएको व्यवस्था अनुसार साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा उपभोक्ता समितिले निर्माण कार्यको प्रत्येक इकाईमा अनिवार्य योगदान हुनुपर्दछ।

## ५१ विमा

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा बीस लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यमा संलग्न हुने जनशक्ति, मेसिन र सम्पूर्ण निर्माण कार्यको तोकिए बमोजिमको विमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निर्माण सम्पन्न गराएको कुनै पनि निर्माण कार्यको विमा गराउको छैन । यसले गर्दा निर्माण कार्यको जोखिम बढ्न गई निर्माण कार्य समयमा सम्न्न नहुने जस्ता जोखिम बढेर जान्छ । अत: निर्माण कार्यमा हुने सम्भावित जोखिम न्यूनीकरण गर्न अनिवार्य रुपमा विमा गराउनु पर्दछ ।

## ५२ हेभी मेसिनको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रिव्युटर, विटुमिन व्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नसकिने उल्लेख छ । तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई प्रयोग गर्न सकिने व्यवस्था छ । तर पालिकाले लागत अनुमान तयार गर्दाका बखत जटिल प्रकृतिको कार्य भनी उल्लेख नभएको तथा हेभी मेसिन प्रयोग गर्न सार्वजनिक निकायले सहमति समेत नदिएको अवस्थामा समेत हेभी मेसिन प्रयोग गरी कार्य गराएको देखिन्छ । नियममा भएको व्यवस्था विपरित उपभोक्ता समिति मार्फत कार्य गरउँदा हेभी इक्युपमेन्टको प्रयोग गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

## ५३ पेश्की रकमको विवरण

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क ५) बमोजिम निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेश्की कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(२) बमोजिम निर्माण व्यवसायीले पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण सार्वजनिक निकायमा नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । यस पालिकाबाट भएका निर्माण सम्बन्धी खरिद सम्झौतामा सबैजसो निर्माण व्यवसायीलाई सम्झौता बमोजिम पेश्की उपलब्ध गराउने गरेकोमा निर्माण व्यवसायीहरुले नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्ने गरेको देखिएन । पेश्की रकम सम्बन्धित निर्माण कार्य वाहेक अन्य कार्यमा रकम खर्च गरी निर्माण कार्यमा ढिलाइ गर्न सक्ने भएकाले सरकारी रकमको उचित सदुपयोग भए नभएको यकिन गर्न कानूनले तोके बमोजिम नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्न लगाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

## ५४ बढी भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ख) मा सार्वजनिक निकायले कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नाँप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । केन्द्रबाट छनौट भएका नमूना विद्यालयको भवन निर्माण अन्तर्गत क्रमागतरुपमा निर्माण भैरहेको महादेव मा.वि. को भवन भवन निर्माणका लागि आर्थिक वर्ष २०८०/८१ मा रु. ६५,९७,३५६/- को लागत अनुमान तयार गरी मिति २०८१/३/१५ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०८०/९/२० मा विद्यालयसँग खरिद सम्झौता भएकोमा विद्यालयले प्रथम रनिङ्गबिल वापत रु. ४०,६१,२७७/- को प्राविधिक बिल पेश गरेको छ । पालिकाले २० प्रतिशत उपभोक्ता समितिको योगदान कट्टा गरी रु. ३२,४९,०२२/- मात्र भुक्तानी गर्नुपर्नेमा भौ.नं. ३३/२०८०/२/३० बाट रु.४०,६१,२७७/- पुरै भुक्तानी गरेको देखिन्छ । सम्झौता बमोजिम उपभोक्ता समितिको अंश कट्टा नगरेका कारण रु. ८,१२,२५५/- बढी भुक्तानी भएको देखियो । बढी भुक्तानी भएको रकम सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ८,१२,२५५ |
|---|---|

## ५५ गत वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। महादेव मा.वि. को भवन निर्माणका लागी आर्थिक वर्ष २०७९/८० मा रु. १२०,००,४५०/- को लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसँग मिति २०८०/३/१५ भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७९/९/१३ मा खरिद सम्झौता भएकोमा मिति २०८०/३/१५ मा खरिद सम्झौताको म्याद समाप्त भएको र विद्यालयले मिति २०८०/३/२४ मा रु. ४६,३१,६३२/- बिल भुक्तानीका लागि पालिकामा निवेदन दिएकोमा पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित नगरी यस वर्ष भौ.नं. ४ र ५/२०८०/६/२५ मा रु. ४६,३१,६३२/- भुक्तानी दिएको छ। भुक्तानी दिन बाँकीको कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित नगरी भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ४६,३१,६३२ |
|---|---|

## ५६ खरिद सम्झौता नगरी कार्य गराएको

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ बमोजिम सार्वजनिक निकायले फुटकर खरिद बाहेक अन्य खरिद गर्दा खरिद सम्झौता गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहायको खरिद गर्दा खरिद सम्झौता गरेको देखिएन । नियमानुसार खरिद सम्झौता नगरी कार्य गराई भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| **भौ.नं. रमिति** | **कामको विवरण** | **निर्माणव्यवसायी/परामर्शदाता** | **खर्च रकम** |
|---|---|---|---|
| ७/२०८०/६/३० | गोठीज्यूला बजारदेखी लैडीसम्मको बाटो सफाइ | आशिष एण्डआयुष निर्माण सेवा | ५००००० |
| २६/२०८०/९/६ | गोरुचौरदेखी विराटदरबारसम्मको बाटो सफाई | एस एसकार्की निर्माण सेवा | ५००००० |
| ५९/२०८०/११/२२ | कोइलीचरीमा विको विस्तृत अध्ययन प्रतिवेदन | माछापुच्छ्रेइन्जिनियरिङ्ग कन्सल्टेन्सी | ३९८८९० |
| **जम्मा** | | | **१३९८८९०** |

| अनियमित भएको | १३,९८,८९० |
|---|---|

## ५७ लेखा श्रेष्ता

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७(१) मा ऐनको दफा २६ बमोजिम कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्नेछ तथा उपनियम २ बमोजिम भुक्तानी वा पेश्की फर्स्यौटको लागि पेश हुने प्रत्येक बिल, भरपाई र सोसाथ संलग्न अन्य कागजात खर्च गर्ने व्यक्तिले तयार गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा पेश गर्नु पर्नेछ। त्यसरी पेश हुन आएको बिल, भरपाई तथा अन्य कागजातलाई खर्च स्वीकृत गर्ने अधिकारीले रकम भुक्तानी दिनु वा फर्स्यौट गर्नु अघि प्रमाणित गर्नु पर्ने व्यवस्था छ । पेश्की दिदाँ तथा फर्स्यौट गर्दा आवश्यक कागजात संलग्न नगरी भुक्तानी तथा पेश्की दिएको छ। गोश्वरा भौचर तयार गर्दा सम्बन्धि कागजात गोश्वरा भौचरसंग सिलसिलेबार रुपमा राखेको देखिदैन जुन लेखाको सिद्धान्त प्रतिकुल देखिन्छ। खर्चको तेरिज नबनाई अव्यवस्थित रुपमा कागजात राखेको हुँदा त्यसमा लाग्ने कर लगाएतका जोडजम्मा एकिन गर्न कठिनाई उत्पन्न हुने गरी अभिलेख राखेको छ। तोकिएको ढाचाँमा अभिलेख नराख्ने कर्मचारीलाई जिम्मेवार बनाई अभिलेख प्रणालीलाई व्यवस्थित बनाउनुपर्दछ।

## ५८ वडा तथा शाखागत खर्च

पालिकाका हरेक आर्थिक कारोबार एकद्धार प्रणालीमार्फत क्रियाकलापमा आधारित रहि खर्च गर्नुपर्दछ। पालिकाले वडा तथा विभिन्न शाखामा शाखागत बजेट व्यवस्था गरी बजेट खर्च गरेको देखिन्छ। औचित्य पुष्टि हुन नसक्ने कार्यमा समेत बजेट खर्च भएको छ। विभिन्न वडा तथा शाखामा रहेका कर्मचारी तथा पदाधिकारीले व्यक्तिगत प्रयोजनाको लागि खर्च गरेको रिचार्ज जस्ता सञ्चार खर्चको बिलसमेत पेश गरी भुक्तानी लिएको देखिन्छ। शाखालाई आवश्यक पर्ने जिन्सी मालसामानहरु शाखावाइज खरिद गरी शाखामा दाखिला गरेको छ।

यसरी शाखागत बजेट खर्च गर्दा खर्चमा पारदर्शिता, मितव्यायिता तथा नियन्त्रण कायम गर्न कठिन देखिन्छ। तसर्थ बजेटलाई विभिन्न शाखामा टुक्रा पारी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

५९ **लगबुक बेगर इन्धन**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। प्रत्येक सवारीको बेग्लाबेग्लै सवारी चलाएको दैनिक मिती, प्रत्येक पटक एक ठाउँमा चलाएको आते जाते दुबैको स्पषेट हुने गरी स्थान खुलाउनुपर्ने, एक ठाउँबाट अर्को ठाउँ सम्म चढाँउदाको सुरुको र अन्तको मिटरबाट देखाइएको किलोमिटरको अङ्क भर्नुपर्ने व्यवस्था महालेखापरीक्षक फारम नं. ९०५ मा रहेको छ । कार्यालयले विभिन्न सवारी साधनको ईन्धन रु.२३,४३,९३६/- खर्च लेखेकोमा सवारी साधन प्रयोगको प्रयोजन पुष्ट्याई वेगर सवारी साधनको प्रयोगमा एकैपटक लकबुक राख्दा विभिन्न मितिका विलमा एकमुष्ट लगबुक राखेको तथा कतिपय श्रेस्तामा स्पष्ट गन्तब्य स्थान र सवार कर्मचारीको हस्ताक्षर विनाको लकबुक राखेको हुंदा ईन्धन खर्चको सम्बन्धमा यकिन हुन सक्ने अवस्था नरहेकोले सोसँग सम्बन्धितलाई जिम्मेवार बनाई तोकिए बमोजिम लगबुक राख्ने अन्यथा सम्बनधितबाट असुल गर्नुपर्दछ ।

६० **बैंक जमानत बेगर पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० (१) बमोजिम कार्यालयले मालसामान खरिद गर्न, सेवा उपलब्ध गराउन वा निर्माण सम्बन्धी कामको लागी सरकारी कर्मचारी बाहेक कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई पेश्कि दिँदा प्रचलित कानून बमोजिम बैंक जमानत लिनु पर्ने व्यवस्था छ । पालिकाले अग्री इन्कर्पोरेटेड प्रा.लि.लाई खरिद सम्झौता नै नगरी रु. १०,१०,५०/- पेश्की उपलब्ध गराएकोमा पेश्की रकमले खाम्ने बराबरको रकमको बैंक जमानत लिएको देखिएन । लेखापरीक्षण अवधिसम्म उक्त पेश्की फर्छयौट नभइ बाँकी रहेको देखिन्छ । सरकारी कर्मचारी बाहेक अन्यलाई पेश्की दिँदा नियमानुसार लिनु पर्ने बैंक जमानत नलिई पेश्की दिने कर्मचारीलाई जिम्मेबार बनाइ उक्त पेश्की फर्छयौट गरिनु पर्दछ ।

६१ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

६२ **स्थानीय भत्ता**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलमा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने प्रावधान छ। पालिकाले यो वर्ष भ्रमणमा रहेको अवधिमा स्थानीय भत्ता कट्टा गरेको देखिएन। पालिकाले छानविन गरी दैनिक भत्ता उपयोग गरेको अवधिको स्थानीय भत्ता असुल गर्नुपर्दछ।

६३ **हिमा नदीमाथी बेलीव्रिज निर्माण**

मिति २०८१/३/१० सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी आरआइडिएआरसि/रबिचन्द्र जे.भी. सँग मिति २०८०/३/१० मा रु. २,५६,११,२४०/- को खरिद सम्झौता भएकोमा हालसम्म रु. २,१७,१०,३१९/- भुक्तानी भएको छ । निर्माण सम्बन्धी कागजात परीक्षण गर्दा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन् :

६३.१ **बिल भरपाई**: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी निर्माण कार्यको बिओक्यूमा प्रोभिजन सम वापत राखेको रकम भुक्तानी गर्दा वास्तविक कार्य सम्पादनका

आधारमा भुक्तानी गर्नु पर्दछ। भौ. नं. २२५/२०८१/३/२३ बाट यस निर्माण कार्यको बिओक्यूमा राखिएका देहायका पिएस आइटमको रकम भुक्तानी गरेकोमा उक्त कार्य सम्पादन गरेको बिल भरपाई संलग्न गरेको देखिएन । बिल भरपाई बेगर भुक्तानी गरेको उक्त रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.

| आइटम नं. | विवरण | भुक्तानी भएकोरकम |
|---|---|---|
| १ | सार्वजनिक सम्पत्ती स्थानान्तरण | १५०००० |
| २ | बिमा | १४२१८९ |
| **जम्मा** | | **२९२१८९** |

| असुल गर्नुपर्ने | २,९२,१८९ |
|---|---|

६३.२ **मूल्य अभिवृद्धि करः** मूल्य अभिबृद्धि कर नियमावली, २०५३ मा २०७६।२।१५ मा भएको एक्काइसौं संशोधनबाट थप भएको नियम ६ग मा ठेक्का वा करार अन्तर्गत वस्तु वा सेवा आपूर्तिबापतको मुल्य अभिवृद्धि कर भुक्तानी गर्दा मू.अ.कर रकमको ३० प्रतिशत कार्यालयबाट कट्टा गरी राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको बिल भुक्तानी गर्दा ३० प्रतिशतले हुने मुल्य अभिवृद्धि कर रु.७,४९,२९३/- कट्टा गरी दाखिला नगरेको हुँदा मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| भौ.नं. र मिति | विवरण | बिलरकम | मू.अकर रकम | समायोजनगर्नुपर्ने रकम |
|---|---|---|---|---|
| १३६/२०८१/३/९ | प्रथम रनिङ्ग बिल | ५८६६५९४ | ९६९५६० | २९०८६८ |
| २२५/२०८०/३/२३ | दोश्रो रनिङ्ग बिल | १३२८२६०१ | १५२८०८६ | ४५८४२५ |
| **जम्मा रु.** | | **१९१४९१९५** | **२४९७६४६** | **७४९२९३** |

| प्रमाण पेश नगरेको | ७,४९,२९३ |
|---|---|

## ६४ सवारी साधन भाडा

१८, २०८१-०३-२२ (प्रदेश शशर्त चालु) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न योजना अनुगमन भनी गाडी भाडा वापत सम्झौता नै नगरी रु.६५,०००/- खर्च गरेको छ । गाडिको भाडा भुक्तानी गर्दा कुन प्रयोजनको लागि, कहिले, कसले उपयोग गरेको हो सो खुल्ने आधार पेश भएन । पालिकामा ४ पाङ्ग्रे सवारी साधन र वडा सचिव तथा शाखा प्रमुखलाई मोटरसाइकलको सुविधा हुँदाहुँदै पनि सवारी साधन भाडामा लिएर सरकारी रकम खर्च गर्दा साधनको उच्चतम प्रतिफल हुनेगरी मितव्ययी तरिकाले खर्च गरेको नपाइएकोले अनियमित भएको रु.

| अनियमित भएको | ६५,००० |
|---|---|

## ६५ जनप्रतिनिधि भत्ता

२२, २०८१-०३-२३ (प्रदेश शशर्त चालु) भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन बेगर भ्रमण खर्च गर्न नहुने उल्लेख छ। पालिकाको जनप्रतिनिहरु विभिन्न समयमा सुर्खेत एवं नेपालगञ्ज लगायतका क्षेत्रमा स्पष्ट प्रयोजन बिना भ्रमण गरेबापतको प्रदेश सरकार शशर्तबाट रु.१,९८,०००।– खर्च लेखेको छ। भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नभएको हुँदा उक्त भ्रमण कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएकोले कानुनी व्यवस्थाको पालना नगरी भ्रमण कार्यम खर्च भएको अनियमित रु.

| अनियमित भएको | १,९८,००० |
|---|---|

## ६६ पुँजिगत शिर्षकबाट रकमान्तर गरी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सकिने व्यवस्था छ।।पालिकाले गाउँपालिका पुँजिगत तर्फ देहायको योजनामा विनियोजन गरेको बजेटबाट स्वीकृत योजना कार्यान्वयन नगरी चालु प्रकृतिको शीर्षकमा खर्च लेखेको छ। नमूना छनोटको आधारमा परीक्षण गर्दा देहायका गोश्वारा भौचरबाट स्वीकृत कार्यक्रम नगरी फरक कार्यमा खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| **गो.भौ.नं./मिति** | **सभाबाट स्वीकृत शिर्षक** | **खर्च लेखेको शिर्षक** | **रकम** |
|---|---|---|---|
| २३२।२०८१।३।२३ | गाउँपालिका भवन निर्माण | कार्यालय मसलन्द | १००००० |
| २३०।२०८१।३।२३ | गाउँपालिका भवन निर्माण | मसलन्द | २००००० |
| २०८।२०८१।३।२२ | गाउँपालिका भवन निर्माण | मर्मत | ४५०००० |
| २०५।२०८१।३।२२ | गाउँपालिका भवन निर्माण | सञ्चार | १४७४७५ |
| २०१।२०८१।३।२२ | गाउँपालिका भवन निर्माण | विविध | ९३९४० |
| १९९।२०८१।३।२२ | गाउँपालिका भवन निर्माण | विविध | २१५००० |
| १९६।२०८१।३।२२ | गाउँपालिका भवन निर्माण | पकेट कार्यक्रम | २८०००० |
| १९७।२०८१।३।२२ | गाउँपालिका भवन निर्माण | भेटनरी कार्यक्रम | २५०००० |
| २१६।२०८१।३।२२ | गाउँपालिका भवन निर्माण | मसलन्द तथा विविध | २००००० |
| २४४।२०८१।३।२४ | गाउँपालिका भवन निर्माण | विविध | ३६५००० |
| १४८।२०८१।३।१० | विस्तृत परियोजना अध्ययन | सञ्चार महसुल | ५००००० |
| १६७।२०८१।३।१६ | विस्तृत परियोजना अध्ययन | सञ्चार | १९६३२२ |
| १६८।२०८१।३।१६ | विस्तृत परियोजना अध्ययन | सञ्चार | ३५४०१७ |
| १८०।२०८१।३।२० | विस्तृत परियोजना अध्ययन | विविध | ३५०००० |
| ७१।२०८०।१२।२३ | मोटरसाइकल खरिद | इन्धन | २९९९०० |
| १८१।२०८१।३।२० | मोटरसाइकल खरिद | इन्धन | ३३०००० |
| **जम्मा** | | | **४३३१६५४** |

| | |
|---|---|
| अनियमित भएको | ४३,३१,६५४ |

६७ **कोइलीचरी माध्यमिक विद्यालय भवन निर्माण**

भौ नं. ३५।२०८१-०३-०६ पालिकाले कोइलीचरी माध्यमिक विद्यालय भवन निर्माण,वडा नं ३ का लागि न्यू कालिका कन्स्ट्रक्सनसँग मिति २०८०।१०।१४ मा रु.५९,७२,९३६/- को खरिद सम्झौता भएको छ । श्रेस्ता परीक्षणकबाट देखिएको व्यहोरा देहायबमोजिम छनः

६७.१ **बिमा नगराएको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा बीस लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । यस निर्माण कार्यका निर्माण व्यवसायीले जनशक्ति, उपकरण र कामको बीमा गराएको देखिएन । बीमा नगराउँदा भविश्यमा आइपर्ने सक्ने जोखिमको प्रत्याभूति गरेको देखिएन । निर्माण व्यवसायीलाई नियमावलीले तोके बमोजिमको बीमा गराएर मात्र काम गराउने तर्फ कार्यालयको ध्यान दिनुपर्दछ ।

६७.२ **नन्फाइलर** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्नेव्यवस्था छ । अर्थ मन्त्रालयको मिति २०७७/८/२४ को सचिव स्तरिय निर्णय अनुसार आय कर ऐन, २०५८ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह तथा सो मातहतका आर्थिक कारोबार सञ्चालन गर्ने निकायहरुले व्यवसायीक फर्म तथा अन्य निकायहरुलाई रकम भुक्तानी गर्दा आन्तरिक राजस्व विभागको वेभसाइटमा उपलब्ध PAN Search को माध्यमबाट त्यस्ता व्यवसायीक फर्म वा निकायहरुले १ आर्थिक वर्ष भन्दा बढी अवधिको विवरण पेश गर्न बाँकी नरहेको र मूल्य अभिबृद्धि करतर्फ मासिक विवरण दिने भए ६ वटा विवरण, द्वैमासिक विवरण दिने भए ३ वटा र चौमासिक विवरण दिने भए २ वटा विवरण भन्दा बढी विवरण पेश गर्न बाँकी नरहेको सुनिश्चित गरेर मात्र भुक्तानीको प्रक्रिया अगाडी बढाउने उल्लेख छ । निर्माण व्यवसायी न्यू कालिका कन्सट्रक्सनको पान नं. ६१७२४९११३ आन्तरिक राजस्व बिभागको वेभसाइटमा PAN Search गर्दा मूल्य अभिबृद्धि कर तर्फ २०८० असार देखी विवरण पेश नगरी नन्फाइलर रहेको देखिन्छ । कानूनी व्यवस्था अनुसार मूल्य अभिबृद्धि कर विवरण नबुझाएकोले यस वर्ष रु. ५६४९९४२/- भुक्तानी गर्दा भुक्तानी भएको मू.अ. कर रु. ६४९४१७/- समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| भौ. नं. र मिति | भुक्तानी रकम | मुअकर कर रकम |
|---|---|---|
| ३५।०८१।३।६ | ३०५१३०० | ३५१०३४ |
| ५५।०८१।३।२२ | २५९८६४२ | २९८३८३ |
| **जम्मा** | **५६४९९४२** | **६४९४१७** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,४९,४१७ |

६८ **वार्षिक खरिद योजना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) बमोजिम सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले वार्षिक खरिद योजना तयार गर्दा आगामि वर्षको खरिद गतिविधिलाई सञ्चालन गर्नुपर्ने हुन्छ । पालिकाले आषाढ १० गतेभित्र बजेट पेश गरी तोकिएको मितिभित्र पारित गर्नुपर्दछ । बजेट निर्माण पश्चात सोमा समावेश गरेका खरिदलाई योजनावद्ध रुपमा सञ्चालन गर्न तत्काल वार्षिक खरिद योजना निर्माण गर्नुपर्दछ । पालिकाले वार्षिक खरिद योजना निर्माणको लागि यु ईमेज इन्जिनियरिङ्ग कन्सल्टेन्सी सर्भिस(३०२७१७९६५) संग संझौता गरी रु.२,९७,१९०।- भुक्तानी गरेको छ । पालिकाले वार्षिक खरिद योजना निर्माण गरेकोमा योजना बमोजिम खरिद गतिविधि सञ्चालन गरेको देखिदैन । तसर्थः वार्षिक खरिद योजना वस्तुपरक रुपमा लागु गरी पालिकालाई व्यवस्थित रुपमा सञ्चालन गर्नुपर्दछ ।

६९ **वैठक भत्ता र हल भाडा**

४-०८०/०६/२१ कनका सुन्दरी गाउँपालिका, जुम्लाको विकास कार्यक्रम सञ्चालनको लागि आवधिक विकास योजना निर्माणको लागि पालिकाले परामर्शदाता मार्फत पञ्चवर्षिय योजना निर्माण गरेको छ। अध्यक्ष, प्रमुख प्रशासकिय अधिकृतले आवधिक योजना(०८०।८१-०८४।८५) को मन्तव्य २०८०/०४/१४ गते दिएको देखिन्छ । आवधिक योजना निर्माण गरी सक्के प्रश्चात सार्वजनिक गर्ने क्रममा मन्तव्य दिने गरीन्छ । सो प्रश्चात योजनाको मस्यौदा माथि आवश्यक छलफल तथा सुधारको कार्यक्रम मिति २०८०/०६/१५ र १६ गते सञ्चालन भएको छ । सो छलफल पालिकाको हलमा सञ्चालन भएको जनाईएको छ तर दर्पण स्टेशनरीलाई हलभाडा वापत रु.४,०००/- भुक्तानी गरिएको छ । योजना निर्माणको लागि हिमाली ग्रामीण युवा समाज विकास केन्द्र सँग सम्झौता गरीएकोमा सो को मस्यौदा उपर जनप्रतिनि तथा कर्मचारीले छलफल, मस्यौदामाथि सुझाव पेश गर्नुपर्नेमा उनीहरुलाई प्रशिक्षण दिएको छ । जुन कार्यक्रममा सहभागि भत्ता, खाजा, प्रशिक्षक भत्ता, स्टेशनरी, तालिम सामाग्रि, बत्ति र हल भाडा, प्रतिवेदन, ब्यानर लगाएतमा रु.१,२३,०००/- खर्च भएकोमा जनकराज हमाललाई रु.१,३०,०००/- भुक्तानी गरिएको छ ।विल भरपाई भन्दा बढी भुक्तानी रु.७,०००/- सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,००० |

७० **सवारी साधन भाडा**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरीकाले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष गाडी भाडा वापत दैनिक सम्झौता गरी रु.१२,००,०००/- खर्च गरेको छ । गाडिको भाडा भुक्तानी गर्दा कुन प्रयोजनको लागि, कहिले, कसले उपयोग गरेको हो सो खुल्ने आधार पेश भएन । पालिकामा ४ पाङ्ग्रे सवारी साधन र वडा सचिव तथा शाखा प्रमुखलाई मोटरसाइकलको सुविधा हुँदाहुँदै पनि सवारी साधन भाडामा लिएर सरकारी रकम खर्च गर्दा साधनको उच्चतम प्रतिफल हुनेगरी मितव्ययी तरिकाले खर्च नभएको पाइएको देखिन्छ । विभिन्न कर्मचारी तथा पदाधिकाले समेत छुट्टा छुट्टै संम्झौता गरी भाडा भुक्तानी गरेको छ । व्यक्तिगत रुपमा गाडि भाडाको लागि संम्झौता गर्ने कार्यलाई नियन्त्रण गरी एकद्धार प्रणालीबाट संम्झौता गरिनुपर्दछ ।

७१ **एफ. एम. निर्माण**

नेपालको संविधानको अनुसुचि-८ बमोजिम एफ.एम. रेडियोको सञ्चालन तथा व्यवस्थापन गर्ने अधिकारी स्थानिय तहमा रहेको छ । रेडियो खस सिंजा निर्माण तथा संञ्चालनको लागि रु.२९,२५,०००/- लागत अनुमान तयार गरी पालिकाको रु.९,९५,०००/- साझेदारीमा उपभोक्ता समितिबाट निर्माण गरेको छ । रेडियो सञ्चालनको लागि सूचना तथा प्रसारण विभागबाट इजाजत लिनुपर्ने कानुनी व्यवस्था रहेकोमा सो रेडियोको सञ्चालनको लागि इजाजत लिएको देखिदैन । निर्माण सम्पन्न भएको लामो समय सम्म पनि रडियो सञ्चालनमा नआएको हुँदा रेडियो सञ्चालनको लागि जडित सामाग्रि तथा उपकरण क्षयिकरण हुने जोखिम रहेको छ । कुनै विशेष योजना वेगर रेडियोको प्रयोग गर्ने जनता कम हुदै गएको अवस्थामा सोको प्रकृया समेत पुरा नगरी नाफामुलक संस्थालाई उपभोक्ता समितिबाट निर्माण गरी पालिकाले लगानी गरेको रु.९,९५,०००/- को कुनै उपलब्धि नहुने अवस्था रहेको हुदा स्रोतको दुरुपयोग हुने अवस्था भएकोले यस्तो खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,९५,००० |

७२ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष गरेको खर्च मध्ये नमूना छनोटका आधारमा हेर्दा देहाय अनुसारको खर्च अनुत्पादक, वितरणमुखी तथा प्रतिफल दिन नसक्ने कार्यमा खर्च गरेको देखिएकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| गो.भौ.नं./मिति | विवरण | संख्या | रकम |
|---|---|---|---|
| १७८-०८०/०९/२६ | वडा नं. ६ का ५० जना सुत्केरीलाई भत्ता वितरण | ५० | २५०००० |
| ६२३-२०८१/०३/२० | फरक क्षमता भएका व्यक्तिलाघ थाल लगाएतका सामाग्रि वितरण | | १००००० |
| ६२४-२०८१/०३/२० | जेष्ठ नागरिलाई थर्मस वितरणत्र | १५० | १३०४९६ |
| ३२०-०८०/११/२० | धोति वितरण | १५८ | १००००० |
| ४३४-०८१/०१/१७ | वडा नं. ७थर्मस र कप वितरण | ४८० | ३००००० |
| ५८३-०८१/०९/०६ | दमाहा वितरण | ५४ | ७२१७२३ |
| १६७-०८१/०३/२० | विविध सामग्री | | १९६३२२ |
| ६२२-०८१/०३/२० | वडा नं. ७ हटकेश वितरण | २८० | ४४४२०० |
| **जम्मा** | | | **२२४२७४१** |

७३ **सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) को (क) र (क१) मा दश लाखसम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको र नियम ८५(१ख) अनुसार एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सीमा भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष तोकिएको सीमा भन्दा बढीको ल्यापटप कम्प्युटर प्रतिस्पर्धात्मक विधि नअपनाई निम्नानुसार रु. १८,३३,०१५ /- को सोझै खरिद गरिएको देखिएकोले प्याकेज वनाई प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्दछ ।

| **गो. भौ. न.** | **मिति** | **विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १८१ | ०८०/०९/१३ | ल्यापटप | १२२००० |
| १९९ | ०८०/०९/२४ | ल्यापटप | १८८१४५ |
| ३४५ | ०८०/१२/१४ | ल्यापटप | ४९७२०० |
| ३१६ | ०८०/११/३० | ल्यापटप | १५०००० |
| ५२६ | ०८१/०३/०७ | ल्यापटप | ८०००० |
| २७५ | ०८०/०९/२६ | ल्यापटप | ४०५६७० |
| ४७९ | ०८१/०२/०३ | ल्यापटप | ३००००० |
| ५२० | ०८१/०३/०२ | ल्यापटप | ९०००० |
| **जम्मा** | | | **१८३३०१५** |

७४ **तालिम कार्यक्रम सञ्चालन**

तालिम, गोष्ठी, सेमिनार लागायत कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्म्सका आधारमा सञ्चालन गर्नुपर्दछ ।पालिकाले उक्त कार्यक्रमहरु सञ्चालन गर्दा अर्थमन्त्रालय, स्वास्थ्य मन्त्रालय, प्रदेश मन्त्रालय लगायतले जारी गरेको नर्म्स पालना गरेको छैन । कार्यक्रम संचालन गर्दा नर्म्स अनुसार नभई बजेट अनुसार यातायात खर्च, खाना, खाजा, स्टेशनरी, कार्यपत्र प्रस्तुति, संयोजक भत्ता लगायत खर्च निर्धारण गरी कार्यक्रम स्वीकृत गर्ने र सोही अनुसार कार्यक्रम खर्च भएको जनाई बिल भरपाई संलग्न गरी पेश्की फछ्र्यौट गर्ने गरेको छ ।कार्यक्रम सञ्चालन पश्चात पेश गरेको बिल भरपाईमा कार्यक्रमको लागत अनुमान तयार गर्ने, तालिम कार्य तालिका संलग्न गर्ने, तालिमको विषय वस्तु सम्वन्धमा तयार गरेको कार्यपत्र, कार्यक्रमको प्रतिवेदन, खर्चको तेरिज लगायत कार्य पुष्टी हुने प्रमाण संलग्न गर्ने गरेको छैन । कुनै पनि कार्यक्रममा स्वीकृत बजेट फ्रिज नहुने गरी खर्च गर्दा खर्च वास्तविक मान्ने अवस्था छैन् । यातायात, दैनिक भ्रमण भत्ता खर्च भ्रमण नियमावली अनुसार नभई बजेटको आधारमा भुक्तानी दिने गरेको छ ।कार्यालयबाट संचालित एक अर्को तालिम कार्यक्रममा समेत खर्च मापदण्ड मिलान नहुने अवस्था देखिंदा कार्यक्रम खर्च मितव्ययी, नियमितता र औचित्यपूर्ण मान्न सक्ने अवस्था नदेखिएकोले कार्यक्रम खर्चमा भएको वास्तविकता समेत कार्यालयबाटै पुष्टि हुने गरी खर्चको प्रभावकारीता र यथार्थता यकिन गर्नुपर्ने देखिन्छ ।

७५ **जिन्सी अभिलेख**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा बस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । पालीकाले आर्थिक बर्षमा कम्तिमा एक पटक जिन्सी निरिक्षण गरी गराइ प्रतिबेदन लिइ प्रतिबेदनमा औल्याएका ब्यहोरा उपर कारबाही गरी जिन्सी स्रेस्ता अध्यावधिक गरी राख्नु पर्नेमा जिन्सी मौज्दातको विवरण तयार नगरेको, जिन्सी श्रेस्तामा सबै जिन्सी नचढाएको लेखा शाखामा दाखिला नम्बर उल्लेख गरी दाखिला प्रतिवेदन पेश गरेता पनि जिन्सी खातामा नचढाएको, जिन्सी लेजर प्रमाणित नभएकोले यस वर्ष कार्यालयले खरिद गरी भुक्तानी गरेका सबै जिन्सीको सम्बन्धमा लेखापरीक्षणमा अधुरो जिन्सी लेजर पेश भएकोले सबै जिन्सी दाखिला भएको र खर्च जनाएको सबै जिन्सी

वास्तविक खर्च हो भन्न सकिएन। नगरपालिकाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोवाईल सेट, फर्निचर लगायत खप्ने तथा नखप्ने मालसामान सम्बन्धमा हिनामिना, दुरुपयोग तथा अपचलन हुनबाट संरक्षण गर्न जिन्सी अभिलेख अद्यावधिक गरी पेश गर्नु पर्दछ।

७६ **मल्टिक्रप थ्रेसर मेशिन**

कृषि यान्त्रिकिकरण अनुदान परिचालन कार्यविधि, २०७३ को अनुसुचि-२ बमोजिम मल्टि क्रप थ्रेशरमा ५० प्रतिशत अनुदान दिन सक्ने उल्लेख छ । पालिकाको वडा नं. १ मल्टि क्रप थ्रेशर मेशिन रु.३,१५,०००/- मा ७ वटा थ्रेसर मेशिन खरिद गरी ७ जना कृषकलाई शत प्रतिशत अनुदानमा वितरण गरेकोमा कार्यविधिमा तोकिए बमोजिम लागत साझेदारी गरेको छैन । पालिकाले लागत साझेदारी नगराउँदा कार्यविधिको प्रतिकुल हुनुको साथै लाभग्राहीको अपनत्व समेत न्यून रहने देखिन्छ । कार्यविधिमा तोकिए बमोजिम लागत साझेदारी बेगर अनुदान दिइएको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,५७,५०० |

७७ **ओइल प्रेस मेशिन**

पालिकाले आफ्नो गाउँक्षेत्रमा उत्पादन हुने तेलहनको प्रशोधनको लागि ओइल प्रेस मेशिन २०८० आषाढ २१ गते रु.४,४०,०००/- (ढुवानी सहित रु.४,७३,९००/-) मा खरिद गरी २०८० असोज २४ मा ढुवानी गरी पालिका ल्याएको देखिन्छ । सो मेशिन पालिकाले आफैँ सञ्चालन गर्ने जनाए तापनि मेशिन सञ्चालनको लागि आवश्यक कार्यविधि निर्माण गरेको देखिदैन । जसको कारणले मेशिन हाल सञ्चालन नभई खिया लाग्ने, क्षमता नास हुने, व्यवस्थापन गर्न समस्या हुने देखिन्छ । आश्यकताको पहिचान र सञ्चालन गर्न सक्ने क्षमताको आँकन नगरी खरिद गरिएको उक्त मेशिन यथाशिघ्र प्रयोगमा ल्याउने व्यवस्था गरिनु पर्दछ ।

७८ **शिक्षक दिवा खाजा**

कार्यक्रम कार्यन्वयन पुस्तिका बमोजिम कक्षा ५ सम्म अध्ययन गर्ने विद्यार्थिलाई दिवा खाजाको लागि उपस्थित भएको दिनको आधारमा प्रतिविद्यार्थि रु. २० का दरले भुक्तानी दिने व्यवस्था रहेको छ । पालिकाले आफ्नो मातहतका विद्यालयमा रहेका शिक्षकलाई प्रतिदिन रु. ५० का दरले रु.११,९१,५००/- खाजा भत्ता उपलब्ध गराउने सम्बन्धमा कुनै पनि कानुनि व्यवस्था देखिदैन । कानुनी व्यवस्था वेगर यस्तो सुविधा उपलब्ध गराउने पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.

| विद्यालय | रकम | | जम्मा रकम |
|---|---|---|---|
| | ३३-०८०/०६/२५ | ६०९-०८१/०३/२० | |
| कनकासुन्दरी मा.वि. लुड्कु | ७३५०० | ५०४०० | १२३९०० |
| कोइलिचरी मा.वि लुम | ४८१०० | ४१६०० | ८९७०० |
| नेपाल राष्ट्रिय मा.वि.वोता | ५५००० | ४४१०० | ९९१०० |
| पाण्डवगुफा मा.वि.कोटघर | ५४५५० | ४३२०० | ९७७५० |
| महादेव मा.वि. बुम्रमाडीचौर | ६०२५० | ४९४०० | १०९६५० |
| भैलेपाटा नि.मा.वि. लेखपोर | २७३०० | १३०५० | ४०३५० |
| मालिका मा.वि. खिच्चने | ५४९०० | ४१६५० | ९६५५० |
| ज्ञानोदय प्रा.वि. रिया | १६००० | ११५०० | २७५०० |
| मा.वि.बुद्ध चौतारा | ३६५०० | २८२०० | ६४७०० |
| नवदुर्गा प्रा.वि.गौरी | १५७५० | ६५०० | २२२५० |
| देवचौर प्रा.वि. जिअ | ९७०० | ३००० | १२७०० |
| प्रा.वि. धोविघाछ | १३७५० | ११७५० | २५५०० |
| पार.वि. न्याउरीघाट | १६२५० | ११२५० | २७५०० |
| प्रा.वि. सिप्टी | ९८०० | ६६०० | १६४०० |
| कालिका नि.मा.वि. हाटसिंजा | २६६०० | १५२०० | ४१८०० |
| प्रा.वि.गोरुचैर | २१५५० | १२९५० | ३४५०० |
| महादेव प्रा.वि. चौथा | १५८५० | ११७५० | २७६०० |
| प्रा.वि. रोकायावाडा | २२१०० | १८२०० | ४०३०० |
| मालिका प्रा.वि. ग्वातिखोला | १८०५० | १५९०० | ३३९५० |
| प्रा.वि.साउवाडा | १२६५० | १०००० | २२६५० |
| कैलाश प्रा.वि.ओखरपाटा | १३६५० | ६२०० | १९८५० |
| प्रा.वि.सिम्पाटी | ९४०० | ५४०० | १४८०० |
| प्रा.वि.मार्फान | १२२०० | ९८०० | २२००० |
| काँपलडाडाँ प्रा.वि देहरपाटा | २४५०० | १२२५० | ३६७५० |
| झुलेनी वाविके | ३२०० | २३०० | ५५०० |
| विन्द्रासैनी आ.वि.वडुवालवाडा | १५८०० | ६०० | १६४०० |
| लुम्दुवा वा.वि.के | ३४०० | २१०० | ५५०० |
| महारुद्र आ.वि.काभ्रा | ३१५० | २२०० | ५३५० |
| जयभवानी वाल विकास केन्द्र | ३४०० | २१०० | ५५०० |
| | | | |

| | | | |
|---|---|---|---|
| जनज्योति वाल विकास केन्द्र | ३२५० | २२५० | ५५०० |
| **जम्मा** | **७००१००** | **४९१४००** | **११९१५००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,९१,५०० |

७९ **विज्ञापन**

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ११ मा विज्ञापन एजेन्सी मार्फत कारोबार गराउँदा बोर्डमा सूचीकृत विज्ञापन एजेन्सी मध्येबाट खुला र पारदर्शी प्रक्रियाको आधारमा विज्ञापन एजेन्सीको छनौट गरी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो व्यवस्थामा उल्लेख भएबमोजिम प्रतिशप्रर्धाको माध्यमबाट सूचना प्रकाशन नगरी रु.१०,९८,८२८/- खर्च गरेको छ । विज्ञापनको प्रतिस्पर्धा आव्हान गर्दा कम मुल्यामा विज्ञापन प्रकाशन गर्न सक्ने अवस्था रहेको छ । तसर्थ पालिकाले प्रतिस्पर्धाको माध्यमबाट सुचना प्रकाशन तथा प्रसारण गर्नुपर्दछ ।

८० **घरभाडा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ बमोजिम सार्वजनिक निकायले घर भाडामा लिनुपर्दा काठमाण्डौ उपत्यका बाहिर क्षेत्रिय वा जिल्ला स्तरको निकायको हकमा ७ दिनको सूचना कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला प्रशासन कार्यालयमा टाँस गर्नुपर्ने व्यवस्था रहेको छ । घर भाडा लिँदा उल्लेखित व्यवस्था बमोजिमको समिति गठन गरी मुल्य निर्धारण गरेको छैन । पालिकाले यो वर्ष घर भाडा वापत रु.१५,१०,३ ८०/- भुक्तानी गरेकोमा नियमावलीमा उल्लेख भए बमोजिम नभएकोले तोकिएको प्रकृया बमोजिम घर भाडा संझौता गरी प्रचलित कानुनको पालना गर्नुपर्दछ ।

८१ **सबैको लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजना (SUSWA )**

नेपाल सरकार र फिण्डल्याण्ड सरकार बीच २१ नोभेम्बर, २०२१ मा संझौता भई खानेपानी तथा ढल व्यवस्थान विभाग र पालिकाबीच मिति २०७९।३।६ मा संझौता भई सबैको लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता (SUSWA) आयोजना कार्यान्वयनमा आएको छ ।पालिकामा यस वर्ष उक्त आयोजना संचालन गरी फिन्डल्याण्ड सरकारको रु.१,८०,७९,०००/- र पालिकाको रु.७०,००,०००/- गरी जम्मा रु.२,५०,७९,०००/- बजेटमध्ये रु.१,५८,०७,२९६/- खर्च गरेको छ । उक्त योजनाहरुको निर्माणकार्य संग सालवसाली संझौता भएकोमा पालिकाले उपभोक्ता समितिसँग संझौता वमोजिमको कार्य सम्पन्न गरिनु पर्दछ ।

८२ **विद्यार्थीलाई अनुदान**

कुनै पनि कार्यक्रम सञ्चालन गर्दा ऐन, नियम, कार्यविधि तथा अन्य कानुन बमोजिम बमोजिम गर्नुपर्दछ । नेपालको संविधानको अनुसुचि-८ बमोजिम स्थानिय तहले माद्यमिक तहसम्मको शिक्षा सञ्चालन तथा व्यवस्थापन गर्ने अधिकार रहेको छ । पालिकाले विभिन्न विषयमा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई अनुदान दिने सम्बन्धमा कार्यविधि निर्माण गरेको छैन । पालिकाले विभिन्न विद्यार्थीलाई छात्र छात्रावृत्ति अध्यक्षसँग विद्यार्थी कार्यक्रम शिर्षकबाट कार्यपालिकाको निर्णयको आधारमा देहायबमोजिमका विद्यार्थीलाई भुक्तानी गरेको छ । सो सम्बन्धमा कुनै पनि कानुन तथा कार्यविधि निर्माण गरेको छैन । कार्यविधी तयार नगरी वित्तिय समानिकरणबाट भुक्तानी गरेको उक्त रकम नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं./मिति | लाभग्राही | अध्यायन रत संस्था | रकम |
|---|---|---|---|
| ३६७-०८०/१२/२५ | विवेक वडुवाल | वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | १००००० |
| ४३७-०८१/०१/१७ | कल्पना बुढा | किष्ट मेडिकल कलेज | १००००० |
| ४९९-०८१/०२/२५ | प्रिस्ता हमाल | नेपालगञ्ज मेडीकल कलेज | १०००००० |
| **जम्मा** | | | **१२०००००** |

| | |
|---|---|
| अनियमित भएको | १२,००,००० |

८३ **विद्यालयको अनुगमन नियमन व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय मापदन्ड सम्बन्धि मापदन्ड तयार गरेको छैन।जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

८४ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिकामा रहेका २७ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालय | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्तिमध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | माध्यमिक तह | २० | २० | ३ | ९१५ |
| २ | नि.मा.वि तह | २२ | २२ | २ | ९७९ |
| ३ | प्रा.वि तह | ७४ | ७४ | १० | २१०० |
| **जम्मा** | | **११६** | **११६** | **१५** | **३९९४** |

अत: विद्यार्थीको संख्याका आधारमा शिक्षकको पदपूर्ति हुनुपर्दछ।

८५ **पाठ्यपुस्तक**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान पहलोपटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई पहिलो चौमासिकमा दिने र शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशत अनुदान दिने व्यवस्था छ । पालिकाले उक्त व्यवस्था बमोजिम दुई पटकमा एकमुष्ठ रु. २६ लाख ७२ हजार पाठ्यपुस्तक वापतको रकम निकासा गरेको छ । सबै विद्यालयले विधार्थीलाई पाठ्यपुस्तक वितरण गरेको भरपाई पेश गरेको छैन । समयमै पाठ्यपुस्तक वितरण गरे नगरेको सम्बन्धमा पालिकाले विद्यालयको नियमित अनुगमन गरी अधावधिक विवरण तयार गरी राख्नुपर्दछ ।

८६ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ।पालिकाले आ.व. २०७९/८० मा स्थापना भएको आलुबाली पकेट कार्यक्रम अन्तर्गत निम्न फर्म लाई आलु खरिद बापतको अनुदान वितरण गरेको छ।तर पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन।तसर्थ अनुगमनलाई प्रभावकारी बनाई अनुदानग्राहीको जीवनस्तरमा आएको सुधार यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

| क्र.सं. | फर्मको नाम | भौ.नं र मिति | के.जी | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | इन्द्रभारा कृषि तथा पशुपन्छी पालन उद्योग | १५८/२०८१/०३/०६ | ६००० | १४७००० |
| २ | धुपिरुख कृषि तथा पशुपन्छी फर्म | १८६/२०८१/०३/०६ | ६००० | १५०००० |
| ३ | कर्णाली हेचरी एन्ड पोल्टी फर्म | १८७/२०८१/०३/०६ | ६००० | १५०००० |
| ४ | जिउगाड कृषक कार्य कृषक समुह | १९१/२०८१/०३/०७ | ६००० | १५०००० |
| **जम्मा** | | | | **५९७०००** |

८७ **पोषण सहजकर्ता यातायात खर्च**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं ५६० मिति २०७९।०३।१३ बहुक्षेत्रीय पोषण कार्यक्रमको बजेट खर्च सम्बन्धी निर्देशन तथा शर्तहरुमा पोषण सहजकर्ताको निर्वाह भत्ता र संचार खर्च सम्बन्धी व्यवस्था गरेको छ।उक्त व्यवस्था विपरित पालिकाले पोषण सहजकर्ता सुशिला आचार्यलाई ६ महिनाको रु.१००० को दरले यातायात खर्च भुक्तानी गरेको छ। नियमानुसार पाउने पर्ने भन्दा बढी भुक्तानी भएको रु.६००० सम्बन्धित बाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,००० |

८८ **प्रशिक्षक भत्ता**

अर्थ मन्त्रालय कार्यसंञ्चालन निर्देशिका,२०७७ को ७.१.१५ मा सबै किसिमका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सम्बन्धी खर्चको मापदण्ड स्पष्ट पारेको छ।पालिकाको सामुदायिक विद्यालयका शिक्षक शिक्षीकाहरुलाई एक दिने कार्यक्रममा शिक्षा अधिकृत जिवन बहादुर रोकायाले भौ.नं र मिति १५२/२०८१/०२/०१३ बाट पारिश्रमीक वापत प्रती कक्षा रु.१६०० को दरले ४ कक्षाको रु.५४४० (कर बाहेक) बुझेको देखिन्छ।निर्देशिका बमोजिम प्रति कक्षा रु.६०० भन्दा बढी भुक्तानी दिन नमिल्ने उल्लेख छ।अत: बढी भुक्तानी असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,०४० |

८९ **पारिश्रमीक कर**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुगर्ने व्यवस्था छ।पालिकाले वास संयोजक प्रताप हितानको तलब भत्ता भुक्तानी गर्दा पारिश्रमिक कर घटी कट्टा गरेको पाईयो। कट्टी गर्न बाँकी पारिश्रमिक कर राजश्व खातामा दाखिला गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,२५३ |

९० **लागत सहभागिता**

गरिबी निवारण तथा लघुउद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा उद्यमिले कबोल अंकको २० प्रतिशत वेहोर्नु पर्नेमा कुनै पनि रकम व्योहोरेको देखिएन । निर्देशिकाले गरेको व्यवस्था अनुसारको सहभागीताको रकम सम्बन्धित उद्यमीबाट असुल गर्नु पर्ने रु.

| क्र.सं. | भौ.नं. मिति | कामको विवरण | सम्झौता रकम | बेहोर्नु पर्ने रकम |
|---|---|---|---|---|
| १ | १३२-२०८१।०१।१७ | गार्डेन पाईप, हजारी, सिकेचर फाल्कोन, पलाष्टिक टनेल | २६५१२३ | ५३०२४ |
| २ | २९२-२०८१।०३।२४ | पानासोनिक मिक्चर, ओभन | २९६९८ | ५९४० |
| **जम्मा** | | | **२९४८२१** | **५८९६४** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५८,९६४ |

९१ **न्यानो झोला खरिद**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०/८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुगमन गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारीक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ।गत वर्ष पालिकाले ४०० थानको रु. ३ लाख ९७ हजारमा न्यानो झोला खरिद गरेको पाईयो ।गत वर्ष १८१ र यस वर्ष १२८ जना गरी जम्मा ३०९ जना मात्र प्रसुति भएको अभिलेख बाट देखिन्छ। खरिद भएका त्यस्ता झोलाहरु ९० बढी हेल्थ पोष्टको भन्डारमा रहेको छ।खरिद भएका झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परिक्षण गरेको देखिएन।तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ।लामो समय भन्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

९२ **सङ्चिय सञ्चित कोष फिर्ता गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।पालिकाले भौ.नं १५३ मिति २०८१।०२।१३ मा स्वच्छता सहजकर्ता पूर्ण प्रसाद हमालको खानेपानी तयारी चरणका क्रियाकलापहरु संचालन शिर्पकको पेश्की फस्यौंट गर्दा बाँकी रकम पालिकाको खातामा जम्मा गरेको हुँदा उक्त रकम सङ्चिय सञ्चित कोष फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,९७८ |

९३ **कर्मचारी अतिरिक्त भत्ता**

खानेपानी, सरसफाई तथा स्वच्छता आयोजना ( सुस्वा ) को २९ सेप्टेम्बर, २०२२ मा तेश्रो सुपरिवेक्षण बोर्डको बैठकबाट स्विकृत आयोजना कार्यान्वियन पुस्तिकामा वास इकाईका कर्मचारीहरुले पाउने सेवा सुविधाको स्पष्ट व्यवस्था गरेको छ। तर पालिकाले बोर्डको स्वीकृत नमर्स बेगर खानेपानी, सरसफाई तथा स्वच्छता एकाईका निम्न कर्मचारीलाई निम्न बमोजिमको अतिरिक्त भत्ता भनि भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु.

| क्र.स | कर्मचारीको नाम | पद | महंगी भत्ता | प्रोत्साहन भत्ता | संचार खर्च | फिल्ड खर्च | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | पुर्ण प्रसाद हमाल | वास सहजकर्ता | २४००० | ४१६७६ | ६००० | - | ७१६७६ |
| २ | प्रताप हितान | वास संयोजक | २४००० | ५२४१६ | १२००० | ६००० | ९४४१६ |
| ३ | भुपिन्द्र प्रसाद उपाध्याय | वास प्राविधिक | २४००० | १९७४० | - | - | ४३७४० |
| ४ | विमला भन्डारी | सामाजिक परिचालक | २४००० | १९७४० | - | - | ४३७४० |
| ५ | राज बहादुर बुढा | प्राविधिक सहजकर्ता | २४००० | - | ६००० | १२००० | ४२००० |
| ६ | रतन सिंह बुढा | वास प्राविधिक | २४००० | - | - | - | २४००० |
| ७ | लोक बहादुर बुढा | सामाजिक परिचालक | २४००० | - | - | - | २४००० |
| ८ | कविता नेपाली | का.स | २४००० | - | - | - | २४००० |
| | **जम्मा** | | **१९२०००** | **१३३५७२** | **२४०००** | **१८०००** | **३६७५७२** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,६७,५७२ |

९४ **फलफूल प्रवर्द्धन कार्यक्रम**

पालिकाले अनुदान वितरण गर्दा सम्बन्धित जिल्लाको जिल्ला दररेट अनुसार विरुवा खरिद गर्नुपर्ने हुन्छ। पालिकाले सम्बन्धित फर्मलाई तिन वटा कोटेशन को माध्यम बाट जिल्ला दररेट भन्दा बढी मुल्यमा लागत साझेदारी हुने गरि विभिन्न फर्म तथा समूहलाई वितरण गरेकोले जिल्ला दररेट भन्दा बढी अनुदान दिएको रकम असुल हुनुपर्ने रु.

| क्र.स | समूह | भएको दर | हुनुपर्ने दर | परिमाण | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | कृषि उत्पादक कृषक समूह | ७५० | ७३५ | २०० | ३००० |
| २ | हिमाली अर्गानिक कर्षि पशुपक्षी फर्म | ७५० | ७३५ | १४० | २१०० |
| ३ | प्रशान्त कृषि तथा पशुपक्षी फर्म | ७५० | ७३५ | १५० | २२५० |
| ४ | मष्टमाडु कृषि फर्म | ७५० | ७३५ | ६५ | ९७५ |
| ५ | सुनिल अर्गानिक फलफुल खेति तथा प्रशोधन उधोग | ७५० | ७३५ | ७० | १०५० |
| ६ | प्रकाश कृषि फर्म | ७५० | ७३५ | ३५० | ५२५० |
| ७ | कनकासुन्दरी माध्यामिक विधालय | ७५० | ७३५ | ११५ | १७२५ |
| **जम्मा** | | | | | **१६३५०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,३५० |

## ९५ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्‍याउने तथा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम अन्तर्गत पालिकामा १२ वटा योजना सञ्चालन गरी ९६ जनालाई औसत ९६ दिनले रोजगारी उपलव्ध गराई रु.६५,३०,०४०/- श्रमिक ज्याला खर्च गरेको छ ।अनुसूची-३ मा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम एक सय दिनको रोजगारी उपलब्ध गराउनुपर्ने व्यवस्था भएपनि पालिका अन्तर्गत छनोट भएका योजनामा अधिकतम १०० दिन र न्यूनतम ९३ दिन मात्र श्रमिकले रोजगार पाएको देखिन्छ। सुचिकृत भएका २१७१ व्यक्ति मध्ये ९६ बाहेक २०७५ जनाले सय दिनको रोजगार प्राप्त गरेको देखिदैन।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

## ९६ मुख्यमन्त्री रोजगार कार्यक्रम

कर्णाली प्रदेशभित्र कामको सृजना गरी बेरोजगार युवालाई रोजगारी दिने उद्धेश्यले मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ जारी भई मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यविधि, २०७८ अनुसार पालिकामा ८ वटा योजना सञ्चालनमा विनियोजित रु. १ करोड २० लाख मध्ये रु. १ करोड १६ लाख ९८ हजार खर्च भएको छ। सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छनः

९६.१ **रोजगारी स्थिति :** मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को परिच्छेद-३ (६) मा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा खर्च गरी श्रमिकको बैंक खातामा निकासा गर्नुपर्ने व्यवस्था छ।कार्यक्रमा छनोट भएका प्रतिवडा १ आयोजनाका दरले ८ वटा कार्यक्रममा श्रमिक ज्याला रु.४०,४९,२०२।– तथा सामाग्री खरिदमा रु.७५,९८,०६४।– खर्च भएको छ । पालिका अन्तर्गत छनोट भएका योजनामा औषतमा ५० दिन मात्र श्रमिकले रोजगार पाएको देखिन्छ । सुचिकृत भएका व्यक्ति २१७१ हरुले एक सय दिनको रोजगार प्राप्त गरेको देखिदैन । ८ वटा कार्यक्रम सम्पन्न गर्न सुचिकृत भएका ११६ जना (पुरुष ५५, महिला ६१) श्रमिकले रोजगारी प्राप्त गरेका छन । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

९६.२ **योजना छनौट कार्यक्रमको क्षेत्र**: मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ परिच्छेद-२ (३) अनुसार ताल तलैया, जलाशय निर्माण तथा संरक्षण, खानेपानी, सिँचाई, कृषि लगायतका क्षेत्रमा आयोजना छनौट गरी सञ्चालन गर्नु पर्दछ । पालिकाले कार्यविधि वेगर अधुरो वडा कार्यालिय निर्माण कनकासुन्दरी ५ र ६ को भवन निर्माण योजना तय गरी कार्यान्विनमा ल्याएको छ। पालिकाले कार्यविधि बमोजिम योजना छनौट गर्न लगाई वजेट खर्च गर्ने कार्यमा सुधार गर्नुपर्दछ ।

९६.३ **श्री मा वि बुदु चौतारा पर्खाल निर्माण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको नाँप अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । मुख्यमन्त्री रोजगार अन्तर्गत श्री मा वि बुदु चौतारा पर्खाल निर्माण कार्यमा कुल रु.१५ लाख खर्च हुँदा नापी किताबको आइटम नं ४ (PCC १:२:४ ) मा लम्बाई, चौडाई र उचाई क्रमश ११, ३.९ र ०.०६ मि. गरी २.५७४ घन मिटर PCC भएको देखिएकोमा आइटम नं ३ (सोलिङ कार्य ) मा लम्बाई, चौडाई र उचाई क्रमश ११, २.९ र ०.०६ मि. गरी १.९१४ घन मिटर मात्र देखिन आएकोले सोलिङ नभई ०.६६ घनमिटर PCC बढी देखिएकोले रु. १८,७६१।– का दरले (ज्यामी दर १०७७८।२० र सामाको दर ७९८३।३६) बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,३८३ |

९६.४ **सार्वजनिक लेखापरीक्षणः** मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा १४ बमोजिम आयोजना कार्यन्वयन गर्ने निकायले अन्तिम भुक्तानी गर्नुपुर्व आयोजनाको लागत, प्रगति विवरण, खर्चका बिल भरपाई, श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरण लगायतका विषयको सार्वजनिक लेखापरिक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सञ्चालित आयोजनाहरुको निर्देशिका बमोजिम सार्वजनिक लेखापरीक्षण गराएको छैन । कार्यविधिले तोकेका सुचकहरु समावेश गरी सार्वजनिक लेखापरीक्षण गर्नुपर्दछ ।

९७ **सामाजिक सुरक्षातर्फ**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्यक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था छ । पालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरणका लागि पहिलो किस्ताबापतको रु.१,८२,६३,२४८/- बैक खातामा पठाएकोमा वितरण हुन बाँकी रहेको रु.७५,२९०/- कोष तथा लेखा नियन्त्रक कार्यालयको खातामा दाखिला भएको छ ।त्यसैगरी दोस्रो, तेस्रो र चौथो त्रैमासिक वापत्को रकम रु.५,५६,६५,०२७/- भने विद्युतीय भुक्तानी प्रणालीमार्फत् सम्बन्धितको खातामा पठाईएको पाइयो।उक्त रकम मध्ये पालिकाले विवरण अद्यावधिक गरि मिति २०८१।०३।२३ मा रु.८४,९००/- कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरेको देखिन्छ। समग्रमा पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा रु.७,३९,२८,२७५/- खर्च गरेको छ।

९७.१ **विवरण अध्यावधिक** : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१) मा उल्लेखित समयावधि भित्र सम्बन्धित गाउँपालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ।सो कार्यविधिको ५ को उपदफा २ मा यसरी नविकरण नगर्ने लाभग्राहिले पछिल्लो आवमा भत्ता नपाउने उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । सो सम्वन्धी विवरण अध्यावधिक गरेको पाईएन।तसर्थ भत्ता पाउनेको विवरण अध्यावधिक गरेर मात्र भत्ता वितरण गर्न तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

९७.२

**विवरणको समिक्षा:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद- ७ दफा ३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँसभा वा नगरसभामा पेश गर्नुपर्ने, स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था छ।पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी यस कार्यविधि बमोजिमको समिक्षा गरेको पाइएन।कार्यविधिको पालना गर्नेतर्फ कार्यलयले ध्यान दिनुपर्दछ।

९७.३ **पारदर्शिता कामय गर्नेः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(२) बमोजिम स्थानीय तहले भुक्तानी गरेको रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र उपदफा-३ बमोजिम भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था छ। पालिकाले लाभग्राहीको नामावली सार्वजनिक गर्नुको साथै वेभसाइटमा प्रकाशन गरेको छैन ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : कनकासुन्दरी गाउँपालिका, जुम्ला , कनकासुन्दरी गाउँपालिका , जुम्ला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | टेक बहादुर शाही | २०८०-४-१ | २०८१-१-२१ |
| कार्यालय प्रमुख | दिपेन्द्र भण्डारी | २०८१-१-२२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शंकर आचार्य | २०७९-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,७६७,२५३ | २७,२३२,१४३ | ३,७७१,९८८ | ० | ० | ६,१८३,१२९ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३९,९५४,५१३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३९,९५४,५१३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ६३१९४०४९.६२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८२६५०९४४ | **चालु खर्च** | २९८१०३७९०.९८ |
| **प्रदेश सरकारबाट अनुदान** | ४६८७७८६७ | **पूँजीगत खर्च** | ११४५५०६७९ |
| **राजश्व बाँडफाँट** | ६९५५४६७४ | **वित्तीय/अन्य व्यवस्था** | ८९२६४६८७.६६ |
| **आन्तरिक आय** | २८३७६२९.० | | |
| **अन्य आय** | ८२२९००७१.३७ | | |
| **कुल आय** | ४८४२११८५.३७ | **कुल खर्च** | ५०१९१९१५७.६४ |
| **बाँकी मौज्दात** | | ४५४८६०७७.३५ | |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।